# वार्षिक प्रतिवेदन
# २०७५/०७६

निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं
२०७६

प्रकाशक  तथा मुद्रक

निर्वाचन आयोग, नेपाल

कान्तिपथ, काठमाडौं

फोन नं. ०१–४२२३१६५

इमेल info@election.gov.np

वेबसाइट  www.election.gov.np

प्रकाशन  :  २०७६

प्रकाशित : ५०० प्रति

## विषय सूची


**प्रतिवेदन सारांश ........................................................ क-ख**

**परिच्छेद १ ........................................................ १-५**

**निर्वाचन आयोग : संक्षिप्त परिचय ........................................................ १**

१. पृष्ठभूमि ........................................................ १

२. संवैधानिक व्यवस्था ........................................................ १

३. निर्वाचन सम्बन्धी कानूनी व्यवस्था ........................................................ ४

४. कार्यसम्पादन सम्बन्धी व्यवस्था ........................................................ ४

**परिच्छेद २ ........................................................ ६**

**संगठन संरचना एवम् प्रशासकीय कार्य व्यवस्थापन ........................................................ ६-१५**

२.१. आयोग सचिवालयको संगठन संरचना ........................................................ ६

२.१.१. आयोग सचिवालयको मौजुदा दरबन्दी विवरण ........................................................ ६

२.१.२. जिल्ला निर्वाचन कार्यालयको मौजुदा दरबन्दी विवरण ........................................................ ८

२.२ महाशाखा र शाखाहरू ........................................................ ९

२.३ . महाशाखाहरूको प्रमुख कार्य एवम् जिम्मेवारी ........................................................ ९

२.३.१ . प्रशासन महाशाखा ........................................................ ९

२.३.२. निर्वाचन व्यवस्थापन महाशाखा ........................................................ १०

२.३.३. कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा ........................................................ ११

२.३.४. सूचना प्रविधि महाशाखा ........................................................ १२

२.४. सेवा प्रवाह सम्बन्धमा गरिएका मुख्य कार्यहरू ........................................................ १३

२.५. कर्मचारी क्षमता विकास ........................................................ १४

२.६. सामग्री व्यवस्थापन ........................................................ १४

२.७. सवारी साधन हस्तान्तरण ........................................................ १५

**परिच्छेद ३ ........................................................ १६-२४**

**योजना, अनुगमन, समावेशीकरण तथा वैदेशिक सम्बन्ध ........................................................ १६**

३.१. रणनीतिक योजनाको समीक्षा तथा तर्जुमा........................................१६
३.१.१. पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा तथा तर्जुमा........................१६
३.१.२. तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा सम्बन्धी छलफल तथा गोष्ठी..१७
३.१.३. उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम.............................................१७
३.२. केन्द्रीय अनुगमन.....................................................................२१
३.३ भवन निर्माण, सरकारी भवन तथा जग्गा प्राप्तिको विवरण......................२१
३.४ लैङ्गिक तथा समावेशीकरण..............................................................२२
३.५ वैदेशिक सम्बन्ध......................................................................२३
**परिच्छेद ४.........................................................................२५-३२**
**मतदाता नामावली तथा निर्वाचन सञ्चालन ............................................ २५**
४.१ संवैधानिक तथा कानूनी व्यवस्था ....................................................२५
४.२ मतदाता नामावली तथा निर्वाचन सञ्चालन..........................................२६
४.२.१ निरन्तर मतदाता दर्ता.............................................................२६
४.२.२ एकीकृत घुम्ती सेवा कार्यक्रमबाट मतदाता नामावली दर्ता...................२८
४.२.३. मतदाता अद्यावधिक विवरण......................................................२८
४.२.४ मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम निर्देशिका परिमार्जन२९
४.२.५ मतदानकेन्द्र पुनरावलोकन मापदण्ड परिमार्जन.................................२९
४.२.६ अध्ययन, अनुसन्धान र प्रतिवेदन..................................................२९
४.२.७ मतदाता नामावली सम्बन्धी समस्या एवम् समाधानका उपायहरू ..........३०
**परिच्छेद ५.........................................................................३३-३८**
**निर्वाचन शिक्षा तथा तालिम............................................................ ३३**
५.१ निर्वाचन शिक्षा......................................................................३३
५.१.१ निर्वाचन शिक्षा तथा सूचना केन्द्र...............................................३३
५.१.२ प्रदेशस्तरका निर्वाचन शिक्षा तथा सूचना केन्द्र ................................३४
५.१.३ घुम्ती निर्वाचन शिक्षा कार्यक्रम....................................................३४
५.१.४ सामाजिक अध्ययन विषय शिक्षकका लागि प्रशिक्षण कार्यक्रम.............३४

५.२ निर्वाचन तालिम ........ ३५

५.२.१ Building Resources in Democracy Governance and Elections (BRIDGE) Showcase Workshop ........ ३५

५.२.२ निर्वाचन व्यवस्थापन सम्बन्धी रणनीतिक योजना कार्यशाला ........ ३५

५.२.३ BRIDGE, Train the Facilitator (TtF) Programme ........ ३५

५.२.४ निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक ब्रीज कार्यशाला ........ ३६

५.२.५ लैङ्गिक समानता र निर्वाचन विषयक ब्रीज कार्यशाला ........ ३६

५.३ पुस्तकालय ........ ३७

५.४ अन्य कार्यहरू ........ ३७

परिच्छेद ६ ........ ३८-४०

सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन ........ ३८

६.१ आयोगको नयाँ वेबसाइट सञ्चालन ........ ३८

६.२ निर्वाचन सम्बन्धी सफ्टवेयर निर्माण ........ ३८

६.३ कर्पोरेट एन्टी-भाइरस सेट-अप ........ ३८

६.४ आयोगको नेटवर्किङ सुधार ........ ३८

६.५ Biometric Base Voter Registration System (BBVRS) & Integrated Election Information Management System (IEIMS) Training ........ ३९

६.६ प्राविधिक सहयोग ........ ३९

परिच्छेद-७ ........ ४०-४६

कानून तथा राजनीतिक दल व्यवस्थापन ........ ४०

७.१ निर्वाचन कानून तर्जुमा सम्बन्धी कार्यहरू ........ ४०

७.२ राजनीतिक दल सम्बन्धी कार्यहरू ........ ४१

७.३ आयोगबाट प्रस्तुत लिखित जवाफ ........ ४१

७.४ फैसला कार्यान्वयन सम्बन्धी ........ ४३

७.५ अभिलेखीकरण तथा अद्यावधिक कार्य ........ ४३

७.६ अन्तरक्रिया कार्यक्रम ........ ४३

७.७ प्रशिक्षण कार्यक्रम ........................................................ ४३

७.८ समानुपातिक निर्वाचनतर्फको बन्दसूचीबाट नाम हटाइएको .................... ४४

७.९ राजनीतिक दलको आय व्यय विवरण सम्बन्धी .................................. ४४

७.१० विविध ........................................................ ४४

**परिच्छेद ८ ........................................................ ४६-५०**

**वित्तीय स्रोत परिचालन ........................................................ ४६**

८.१ बजेट विनियोजन र खर्च ........................................................ ४६

८.२ बजेट, कार्यक्रम तथा कार्यान्वयनको अवस्था ...................................... ४७

८.३ राजस्व र धरौटी ........................................................ ४८

८.४ बेरूजु र फछ्र्यौटको विवरण ........................................................ ४८

**परिच्छेद ९ ........................................................ ५०-५४**

**विविध ........................................................ ५०**

९.१ वार्षिक प्रतिवेदन पेश ........................................................ ५०

९.२ तेस्रो निर्वाचन दिवस, २०७५ ........................................................ ५०

९.३ निजामती सेवा दिवस, २०७५ ........................................................ ५२

९.४ संविधान दिवस, २०७५ ........................................................ ५२

९.५ पदाधिकारीको विदाई ........................................................ ५३

९.६ प्रमुख निर्वाचन आयुक्तको नियुक्ति र पद वहाली ................................ ५३

९.७ उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम ........................................................ ५३

९.८ सचिव सरूवा र पद वहाली ........................................................ ५३

# अनुसूची


**अनुसूची - १**

निर्वाचन सम्बन्धी ऐन, नियमावली, आचार संहिता र निर्देशिका सम्बन्धी विवरण.. ५७

**अनुसूची - २**

आयोगबाट भएका केही महत्वपूर्ण नीतिगत निर्णयको विवरण ......................... ५९

**अनुसूची - ३**

निर्वाचन आयोगको संगठन संरचना......................................................... ६२

**अनुसूची - ४**

निर्वाचन आयोगका पदाधिकारी र कर्मचारीको विवरण.................................. ६३

**अनुसूचि - ५**

आयोग र अन्तर्गत कार्यालयबाट वैदेशिक तालिम, अध्ययन, अवलोकन भ्रमणमा सहभागी पदाधिकारी र कर्मचारीहरूको विवरण.......................................... ६८

**अनुसूची - ६**

आर्थिक वर्ष २०७५/०७६ मा मतदाता दर्ताको जिल्लागत विवरण................ ७१

**अनुसूची - ७**

एकीकृत घुम्ती सेवा कार्यक्रमबाट मतदाता दर्ता सम्बन्धी जिल्लागत विवरण....... ७५

**अनुसूची - ८**

निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलको विवरण............................. ७९

**अनुसूची - ९**

आयोगमा आर्थिक वर्ष २०७४/०७५ को आय व्यय विवरण बुझाउने राजनीतिक दलको विवरण.......................................................................... ८८

# प्रतिवेदन सारांश

नेपालको संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने एवम् राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने समेत जिम्मेवारी तोकेको छ। संवैधानिक निकायले आफूले सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था अनुरूप आर्थिक वर्ष २०७५/०७६ मा आयोगले सम्पादन गरेका काम कारबाही सहितको वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

निर्वाचन आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र अन्य चार जना निर्वाचन आयुक्त रहने व्यवस्था छ । आयोगबाट सम्पादन गर्नुपर्ने कार्यको लागि केन्द्रमा निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवको नेतृत्वमा एक सचिवालय र प्रत्येक जिल्लामा राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतको नेतृत्वमा ७७ वटा जिल्ला निर्वाचन कार्यालय रहेका छन् । आयोगको सचिवालयमा १११ र जिल्लास्तरका कार्यालयमा ५६० गरी कूल ६७१ कर्मचारी दरवन्दी रहेको छ ।

आयोगले संविधान, निर्वाचन सम्बन्धी संघीय कानून र कानून बमोजिम तर्जुमा गरिने विभिन्न नीति, निर्देशिका, कार्यविधिको अधीनमा रही कार्य सम्पादन गर्दै आएको छ । आयोगले गर्नुपर्ने नियमित काम कारवाहीलाई थप प्रभावकारी ढङ्गले सम्पादन गर्न विगत वर्षदेखि नै रणनीतिक योजना र अन्य नीति तथा कार्यक्रम तर्जुमा गरी योजना र नीतिले प्राथमिकीकरण गरेका क्रियाकलापलाई वार्षिक योजनामा समावेश गरेर कार्यान्वयन गर्दै आएको छ । यस सन्दर्भमा प्रतिवेदन वर्षमा दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/०७२-२०७५/०७६) को अवधि २०७६ असार मसान्तमा समाप्त भएको छ ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/०७७-२०८०/०८१) को तर्जुमा एवम् वि.सं. २०७४ सालमा सम्पन्न भएको निर्वाचनको समीक्षा गर्ने सिलसिलामा सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा सम्माननीय प्रधानमन्त्री, सम्माननीय राष्ट्रियसभा अध्यक्ष, पूर्वप्रधानमन्त्रीहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, विभिन्न सरकारी निकायको प्रमुख एवम् प्रतिनिधिहरूको सहभागितामा वि.सं. २०७६ साल असार ९ गते राष्ट्रपति कार्यालयमा आयोगले उच्चस्तरीय अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा, अन्तरक्रिया, गोष्ठी तथा बैठकबाट प्राप्त पृष्ठपोषण, सुझाव एवम् मार्गदर्शनका आधारमा तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/०७७-

२०८०/०८१) को तर्जुमा गरिएको छ । आयोगबाट लैङ्गिक तथा समावेशीकरण नीति, रणनीति, निर्वाचन शिक्षा तथा तालिम नीति अनुरूपका क्रियाकलापहरू निरन्तर रूपमा कार्यान्वयनमा ल्याइएको छ । विद्यालय र विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई लक्षित गरी आयोग तथा जिल्ला निर्वाचन कार्यालय कास्की र कैलालीमा रहेका निर्वाचन शिक्षा तथा सूचना केन्द्र मार्फत निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन हुँदै आएको छ । आयोगले आफ्नो समग्र कार्यसम्पादनको सिलसिलामा नवप्रवर्तन र नवीन प्रविधिको प्रयोगलाई अवलम्वन गर्दै आएको छ । मतदाता नामावली दर्ता र प्रशोधन लगायतका कार्यमा प्रविधिको प्रयोग गरी कार्यसम्पादनलाई छिटो छरितो र प्रभावकारी बनाइएको छ ।

प्रतिवेदन वर्षमा जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयबाट मतदाता नामावलीमा नाम समावेशका लागि विवरण दर्ता भएका व्यक्ति ५,१०,८१० जना रहेका छन् ।यसै गरी विभिन्न जिल्लामा जिल्ला प्रशासन कार्यालयबाट सञ्चालित घुम्ती शिविर मार्फत मतदाता नामावलीमा नाम समावेशका लागि दर्ता भएका व्यक्ति ६६,१२७ जना समेत गरी दर्ता भएका व्यक्ति ५,७६,९३७ जना रहेका छन् । आयोगबाट स्वीकृत कूल मतदाता १ करोड ५४ लाख २७ हजार ९३८ जना रहेका छन् । प्रतिवेदन वर्षमा पाँचवटा राजनीतिक दल दर्ता भई आयोगमा दर्ता भएका राजनीतिक दलको कुल संख्या १२४ रहेको छ ।

प्रतिवेदन वर्षमा आयोगलाई जम्मा रू. ४६ करोड १४ लाख ९१ हजार निकासा भएकोमा रू ३६ करोड ३९ लाख ०६ हजार खर्च भएको छ । महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदन २०७४ अनुसार यस आयोग, जिल्ला निर्वाचन कार्यालयहरू, मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयहरूको आर्थिक वर्ष २०७५/०७६ मा फछ्यौंट गर्नु पर्ने दायित्व सृजना भएको बेरूजु रू. ५,०९,५९० हजार रहेकोमा यस अवधिमा रू. २,२९,२४६ हजार फछ्यौंट भइ बेरूजु फछ्यौंट प्रगति ४४.९९ प्रतिशत पुगेको छ ।

आयोगबाट सम्पादित विभिन्न क्रियाकलापमा विकास साझेदार संस्थाहरूको वित्तीय तथा प्राविधिक सहयोग प्राप्त हुँदै आएको छ । यी संस्थाबाट मूलतः आयोगको संस्थागत क्षमता विकास तथा निर्वाचन सम्बन्धी तालिम सञ्चालनमा सहयोग प्राप्त भएको छ ।

परिच्छेद १

# निर्वाचन आयोग : संक्षिप्त परिचय

## १. पृष्ठभूमि

नेपालमा पहिलो पटक नेपाल अन्तरिम शासन विधान, २००७ ले निर्वाचन आयोगको व्यवस्था गरेको हो । त्यसपछि जारी भएका नेपाल अधिराज्यको संविधान, २०१५ र नेपालको संविधान, २०१९ मा निर्वाचन आयोग सम्बन्धी व्यवस्थालाई सम्बोधन हुन सकेन । नेपालको संविधान, २०१९ को पहिलो संशोधन २०२३ बाट नेपालमा निर्वाचन सम्बन्धी कार्य गर्न निर्वाचन आयोगको संवैधानिक व्यवस्था भयो । बहुदलीय व्यवस्थाको पुनर्स्थापना पश्चात जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७, वि.सं. २०६२-०६३ को जनआन्दोलन पश्चात जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ ले पनि निर्वाचन आयोगको संवैधानिक व्यवस्थालाई निरन्तरता दियो । जननिर्वाचित संविधान सभाबाट वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानले निर्वाचन आयोगलाई संवैधानिक निकायको रूपमा निरन्तरता दिनुको साथै यसको जिम्मेवारी र अधिकारलाई थप फराकिलो बनाएको छ ।

## २. संवैधानिक व्यवस्था

नेपालको संविधानको भाग २४ को धारा २४५ देखि २४७ सम्म निर्वाचन आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था रहेको छ ।संविधानको धारा २४५ ले निर्वाचन आयोगको गठन सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छ :-

(१) नेपालमा एक निर्वाचन आयोग रहनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहनेछन् । प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछ ।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तको नियुक्ति गर्नेछ ।

(३) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । तर देहायको कुनै अवस्थामा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजको विरूद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

(४) उपधारा (२) बमोजिम नियुक्त प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तको पुनः नियुक्ति हुन सक्नेछैन ।

तर आयुक्तलाई प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो आयुक्त प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(५) देहायको योग्यता भएको व्यक्ति प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) पैंतालिस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र भएको ।

(६) प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका शर्त सङ्घीय कानून बमोजिम हुनेछन् । प्रमुख निर्वाचन आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन।

तर चरम आर्थिक विश्रृङ्खलताका कारण सङ्कटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुनेछैन ।

(७) निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त र आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

संविधानको धारा २४६ ले निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छः-

(१) निर्वाचन आयोगले यस संविधान र सङ्घीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ । निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ।

(२) निर्वाचन आयोगले यस संविधान र सङ्घीय कानून बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउनेछ ।

(३) राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय निर्वाचन आयोगले गर्नेछ ।

(४) निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, कुनै निर्वाचन आयुक्त वा सरकारी कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(५) निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानून बमोजिम हुनेछ ।

संविधानको धारा २४७ ले निर्वाचन आयोगलाई आवश्यक सहयोग गर्नुपर्ने व्यवस्था गरेको छ। यस संविधान बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउने समेतका व्यवस्था गरेको छ ।

### ३. निर्वाचन सम्बन्धी कानूनी व्यवस्था

निर्वाचन व्यवस्थापन सम्बन्धी विभिन्न ऐन १० वटा, नियमावली ८ वटा, निर्वाचन आचार संहिता एवम् बिभिन्न निर्देशिका कार्यान्वयनमा रहेका छन् । निर्वाचन सम्बन्धी ऐन, नियमावली, आचार संहिता एवम् विभिन्न निर्देशिका **अनुसूची-१** मा समावेस गरिएको छ ।

### ४. कार्यसम्पादन सम्बन्धी व्यवस्था

नेपालको संविधानले राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचन लगायत राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने समेतका जिम्मेवारी निर्वाचन आयोगमा रहने व्यवस्था गरेको छ । निर्वाचन व्यवस्थापनसँग सम्बन्धित विषयमा नीति निर्माण गर्ने एवम् कार्यसम्पादनमा मार्गदर्शन गर्ने जस्ता नीतिगत कार्य आयोगबाट र आयोगबाट भएका निर्णयहरूको कार्यान्वयन सचिवालयबाट हुने व्यवस्था रहेको छ । आयोग र सचिवालयबाट सम्पादन हुने कार्यलाई प्रभावकारी ढङ्गले सम्पादन गर्न निर्वाचन आयुक्तहरूको समेत कार्य विभाजन र क्षेत्रगत जिम्मेवारी बाँडफाँड गरिएको छ । आयोगका प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तहरूको कार्य विभाजन र क्षेत्रगत जिम्मेवारी विभाजन गरिएको छ । जस अनुसार आयोगको मिति २०७३/११/५ को निर्णयानुसार प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवको जिम्मेवारी अन्तर्गत प्रशासन तथा जनशक्ति, वैदेशिक सम्बन्ध, जनसम्पर्क, समन्वय र अनुगमन तथा निर्वाचन व्यवस्थापन सम्बन्धी विषय, निर्वाचन आयुक्त इला शर्माको जिम्मेवारी अन्तर्गत मतदाता नामावली, मतदाता परिचयपत्र, निर्वाचन एवम् मतदाता शिक्षा र तालिम तथा प्रशिक्षण सम्बन्धी विषय, निर्वाचन आयुक्त नरेन्द्र दाहालको जिम्मेवारी अन्तर्गत मतपत्र व्यवस्थापन, प्रेस तथा सञ्चार व्यवस्थापन, निर्वाचन कार्यक्रम, योजना, अध्ययन, अनुसन्धान र समावेशीकरण र निर्वाचन पर्यवेक्षण सम्बन्धी विषय, निर्वाचन आयुक्त इश्वरी प्रसाद पौडयालको जिम्मेवारी अन्तर्गत निर्वाचन कानून, नियमावली, निर्देशिका, कार्यविधी, राजनीतिक दल व्यवस्थापन र प्रविधि सम्बन्धी विषय र निर्वाचन आयुक्त सुधिरकुमार शाहको जिम्मेवारी अन्तर्गत निर्वाचन आचारसंहिता, निर्वाचन विवाद निरूपण, सुरक्षा व्यवस्थापन र आर्थिक व्यवस्थापन सम्बन्धी विषय तोकिएको थियो ।

प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवको मिति २०७५/१२/१० बाट र निर्वाचन आयुक्त इला शर्माको मिति २०७५/१२/१० बाट पदावधि र निर्वाचन आयुक्त सुधिरकुमार शाहको मिति २०७५/१२/२९ बाट उमेर हदका कारण अवकास भएको थियो । प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाको मिति २०७६/१/६ मा नियुक्ति भई २०७६/१/८ मा आयोगमा पद वहाली भए पश्चात प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तहरूको कार्य

विभाजन गरिएको थियो । जस अनुसार आयोगको मिति २०७६/१/२२ को निर्णयानुसार प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाको जिम्मेवारी अन्तर्गत प्रशासन तथा जनशक्ति, वैदेशिक सम्बन्ध, जनसम्पर्क समन्वय र अनुगमन तथा निर्वाचन व्यवस्थापन सम्बन्धी विषय, निर्वाचन आयुक्त नरेन्द्र दाहालको जिम्मेवारी अन्तर्गत मतदाता नामावली, मतदाता परिचयपत्र, निर्वाचन तथा मतदाता शिक्षा, तालिम तथा प्रशिक्षण, मतपत्र व्यवस्थापन, प्रेस तथा सञ्चार व्यवस्थापन, निर्वाचन कार्यक्रम, योजना, अध्ययन, अनुसन्धान र समावेशीकरण तथा निर्वाचन पर्यवेक्षण सम्बन्धी विषय र निर्वाचन आयुक्त इश्वरी प्रसाद पौड्यालको जिम्मेवारी अन्तर्गत निर्वाचन कानून, नियमावली, निर्देशिका, कार्यविधि, राजनीतिक दल व्यवस्थापन, प्रविधि, निर्वाचन आचारसंहिता, निर्वाचन विवाद निरूपण, सुरक्षा व्यवस्थापन र आर्थिक व्यवस्थापन सम्बन्धी विषय तोकिएको छ ।आयोगबाट उल्लेखित कार्य विभाजन वा जिम्मेवारी बाँडफाँट गर्दा निवर्तमान प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी अन्तर्गत रहेका विषयहरू प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी अन्तर्गत, निवर्तमान निर्वाचन आयुक्तहरू इला शर्मा र सुधिर कुमार शाहको जिम्मेवारी अन्तर्गत रहेका विषयहरू क्रमशः निर्वाचन आयुक्तहरू नरेन्द्र दाहाल र इश्वरी प्रसाद पौड्यालको जिम्मेवारी अन्तर्गत थपगरी कार्य विभाजन गरिएको छ ।

प्रतिवेदन वर्षमा कार्यसम्पादन सन्दर्भमा आयोगबाट विभिन्न मिति र विषयमा नीतिगत निर्णयहरू गरी कार्यान्वयन गरिएको छ । उक्त नीतिगत निर्णयहरूको विवरण **अनुसूची-२** मा समावेस गरिएको छ ।

# परिच्छेद २

# संगठन संरचना एवम् प्रशासकीय कार्य व्यवस्थापन

## २.१. आयोग सचिवालयको संगठन संरचना

निर्वाचन आयोग अन्तर्गत केन्द्रमा निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवको नेतृत्वमा एक सचिवालय रहेको छ ।आयोगमा विभिन्न चारवटा महाशाखा र नौवटा शाखा रहेका छन् । त्यसैगरी जिल्लास्तरमा राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत कार्यालय प्रमुख रहने गरी ७७ जिल्ला निर्वाचन कार्यालय सञ्चालनमा रहेका छन् । जिल्ला निर्वाचन कार्यालयले जिल्लास्तरमा निर्वाचन आयोगको प्रतिनिधिको रूपमा रही मतदाता दर्ता, मतदाता शिक्षा कार्यक्रम सञ्चालन, निर्वाचन सम्बन्धी कार्यमा आवश्यक समन्वय र सहयोग लगायतका जिम्मेवारी निर्वाह गर्दै आएका छन् ।यसका साथै जिल्ला निर्वाचन कार्यालयहरूबाट निर्वाचन प्रयोजनको लागि मतदाता नामावली दर्ता तथा अद्यावधिक, मतदाता परिचयपत्र तयारी तथा वितरण, मतदान केन्द्र पुनरावलोकन तथा अद्यावधिक, मतदाता र सरोकारवालाहरूलाई निर्वाचनका विविध विषयमा जानकारी गराउन निर्वाचन एवम् मतदाता शिक्षाको सञ्चालनको प्रबन्ध मिलाइएको छ । आयोगको कार्यसम्पादनको लागि सचिवालयमा १११ र अन्तर्गत कार्यालयमा ५६० गरी कुल ६७१ कर्मचारीको दरबन्दी रहेको छ । आयोग सचिवालयको दरबन्दी विवरण देहाय बमोजिम रहेको छ ।

### २.१.१. आयोग सचिवालयको मौजुदा दरबन्दी विवरण

| सि.नं. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | १ |
| २ | सह–सचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | २ |
| ३ | सह–सचिव (कानून) | रा.प.प्रथम | न्याय | कानून | १ |
| ४ | सह–सचिव (सू.प्र.) | रा.प.प्रथम | विविध | | १ |
| ५ | उप–सचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | ४ |
| ६ | उप–सचिव (लेखा) | रा.प.द्वितीय | प्रशासन | लेखा | १ |
| ७ | उपसचिव | रा.प.द्वितीय (प्रा.) | विविध | विविध | २ |
| ८ | उपन्यायाधिवक्ता | रा.प.द्वितीय | न्याय | स.वकील | १ |
| ९ | उप–सचिव (कानून) | रा.प.द्वितीय | न्याय | कानून | १ |

| सि.नं. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १० | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | ७ |
| ११ | शाखा अधिकृत (स.व.) | रा.प.तृतीय | न्याय | स.वकील | १ |
| १२ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ |
| १३ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ |
| १४ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | विविध | ३ |
| १५ | मुद्रण अधिकृत | रा.प.तृतीय | शिक्षा | मुद्रण | १ |
| १६ | पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | कला | १ |
| १७ | तथ्यांक अधिकृत | रा.प.तृतीय | तथ्यांक | | १ |
| १८ | मेशिन मेकानिक्स | रा.प.तृतीय | इन्जिनियरिङ | | १ |
| १९ | नायव सुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | १६ |
| २० | टा. नायव सुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | २ |
| २१ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ३ |
| २२ | कम्प्युटर अपरेटर | राप. अनं.प्रथम(प्रा) | विविध | | ११ |
| २३ | कम्प्युटर टेक्निसियन | राप.अनं.प्रथम(प्रा) | विविध | | १ |
| २४ | टेलिफोन अपरेटर | राप.अनं.प्रथम(प्रा) | विविध | | १ |
| २५ | खरिदार | राप. अनं.द्वितीय(प्रा) | प्रशासन | | १ |
| २६ | ईलेक्ट्रिसीयन | राप.अनं.द्वितीय(प्रा) | इन्जिनियरिङ | | १ |
| २७ | प्लम्बर | राप.अनं.द्वितीय(प्रा) | इन्जिनियरिङ | | १ |
| २८ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जिनियरिङ | मेका. | २० |
| २९ | माली | श्रेणी विहीन | प्रशासन | | १ |
| ३० | कुचीकार | श्रेणी विहीन | प्रशासन | | २ |
| ३१ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | | २० |
| जम्मा | | | | | १११ |

आयोगको विद्यमान संगठन संरचना **अनुसूची-३** र आयोगका पदाधिकारी एवम् कर्मचारीहरूको विवरण **अनुसूची-४** मा समावेस गरिएको छ ।

विद्यमान जिल्ला निर्वाचन कार्यालयहरूको दरबन्दी विवरण देहाय बमोजिम रहेको छ ।

**२.१.२. जिल्ला निर्वाचन कार्यालयको मौजुदा दरबन्दी विवरण**

| सि.नं. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | ७७ |
| २ | नायव सुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ७७ |
| ३ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ७७ |
| ४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ९८ |
| ५ | हलुका सवारी चालक | श्रेणीविहीन | इन्जि. | मेका. | ७७ |
| ६ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | | १५४ |
| **जम्मा** | | | | | ५६० |

नेपालको संविधानले मुलुकको मूल संरचनालाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । सातवटा प्रदेश सभा र ७५३ स्थानीय तहमध्ये कुनै एक प्रदेशको प्रदेश सभाको एक मात्र सदस्य वा कुनै एक स्थानीय तहको एक मात्र सदस्यको निर्वाचन गर्नुपर्ने अवस्थाका लागि समेत आयोग तयारी अवस्थामा रहनुपर्ने भएकोले मतदाता नामावलीको तयारी, विभिन्न तह र किसिमको तालिम, सामग्री व्यवस्थापन, मतदाता शिक्षा लगायत निर्वाचनका समग्र क्रियाकलाप प्रदेशगत रूपमा व्यवस्थापन गर्नुपर्ने अति आवश्यक देखिएको छ । यसकारण आयोग, सचिवालय र अन्तर्गतका संगठन संरचनालाई समेत वर्तमान संघीय संरचना अनुरूप पुनरावलोकन गरी कार्यगत हिसाबले समेत चुस्त, दुरूस्त र सबल बनाउनुपर्ने भएकोले प्रदेशगत रूपमा सञ्चालन हुने निर्वाचन सम्बन्धी क्रियाकलापको रेखदेख र अनुगमन, जिल्ला निर्वाचन कार्यालयहरूबीच समन्वय, प्रदेशस्तरमा राजनीतिक दलहरूसँगको सम्पर्क र समन्वयका लागि प्रदेश निर्वाचन कार्यालयहरूको स्थापना गर्न र आयोगका काम कारवाहीलाई थप प्रभावकारी बनाउन आयोगको सचिवालय एवम् अन्तर्गत कार्यालयमा रहने कर्मचारी दरवन्दीको समेत पुनरावलोकन गर्नुपर्ने भएकोले निर्वाचन आयोग (सचिवस्तर) को मिति २०७६/१/२३ को निर्णयानुसार प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन भई यस सम्बन्धी कार्य भइरहेको छ ।

## २.२ महाशाखा र शाखाहरू

| क्र.सं. | महाशाखा | शाखा |
|---|---|---|
| १. | प्रशासन महाशाखा | १. प्रशासन शाखा<br>२. योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा<br>३. आर्थिक प्रशासन शाखा |
| २. | निर्वाचन व्यवस्थापन महाशाखा | १. मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा<br>२. निर्वाचन शिक्षा तथा तालिम शाखा |
| ३. | कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा | १. राजनीतिक दल व्यवस्थापन शाखा<br>२. ऐन, नियम तथा फैसला कार्यान्वयन शाखा |
| ४. | सूचना प्रविधि महाशाखा | १. सूचना प्रविधि शाखा<br>२. सूचना प्रणाली शाखा |

## २.३ . महाशाखाहरूको प्रमुख कार्य एवम् जिम्मेवारी

### २.३.१ . प्रशासन महाशाखा

१. कार्यक्रम तथा वजेटको तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

२. निर्वाचन कार्यक्रमहरूको सञ्चालन व्यवस्था अनुगमन गर्ने, देखापरेका समस्याहरू समाधान गर्ने, गराउने र आवश्यकतानुसार निर्वाचन कार्य सम्पन्न गराउन समन्वय गर्ने, गराउने ।

३. आयोग र अन्तर्गत रहेका प्रशासन सेवाका पद तथा पदाधिकारीहरूको नियुक्ति, पदस्थापना, तालिम, सरूवा, विभागीय कारवाही, अवकाश सम्बन्धी कार्य गर्ने, गराउने ।

४. निर्वाचन आयोग तथा अन्तर्गतका कार्यालय निरीक्षण गर्ने, गराउने व्यवस्था मिलाई प्राप्त प्रतिवेदन राय ठहरसहित सचिवमा पेश गरी निर्णयानुसार कार्यान्वयन गर्ने गराउने ।

५. केन्द्रीय तथा कार्य सञ्चालन स्तरको लेखा व्यवस्थापन र मालसामान खरिद तथा लिलाम विक्रिको व्यवस्था मिलाउने ।

६. निर्वाचन आयोग अन्तर्गत सम्पूर्ण कर्मचारीहरूको सम्पति विवरण तथा व्यक्तिगत अभिलेख अद्यावधिक गरी राख्न लगाउने ।
७. आयोगको भौतिक साधनहरूको अद्यावधिक विवरण राख्न लगाई सोको स्याहार सम्भार मर्मत र संरक्षण गर्न आवश्यक निर्देशन दिने ।
८. अधिनस्थ कर्मचारीहरूको सुपरीवेक्षण र आवश्यकतानुसार निर्देशन र नियन्त्रण, कार्य सम्पादन मूल्याङ्कन र पुरस्कार, सरूवा, वढुवा लगायतका विषयमा आवश्यक कारवाही गरी सिफारिश सहित सचिव समक्ष पेश गर्ने ।
९. दक्षिण एशियाली निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च FEMBoSA को नेपाल अध्यक्ष हुँदाका बखत सचिवालयले गर्ने कार्यहरू गर्ने । अन्य समयमा उक्त मञ्चसँग सम्बन्धी कार्य गर्ने ।
१०. अधिनस्थ कर्मचारीहरूको विदा सिफारिश गर्ने वा प्रत्यायोजित अधिकार बमोजिम स्वीकृत गर्ने ।
११. दक्षिण एशियाली क्षेत्रका निर्वाचन व्यवस्थापन निकायहरूबीच लोकतन्त्र र निर्वाचन सम्बन्धमा अनुभव आदान प्रदान समेत हुनेगरी अध्ययन, अनुसन्धान, तालिम आयोजना गर्ने ।
१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानबाट प्राप्त सूचना, तथ्याङ्क, प्रतिवेदन आदिको अभिलेखीकरण गर्ने गराउने ।
१३. निर्वाचनसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको सम्बन्ध विस्तार, सञ्जाल निर्माण तथा सदस्यता सम्बन्धी कार्य गर्ने ।
१४. आयोगका लागि वैदेशिक सहयोग प्राप्ति, परिचालन तथा समग्र व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।
१५. निर्वाचन आयोग अन्तर्गत संचालित कार्यक्रम तथा कार्यहरूको आवधिक सुपरीवेक्षण गर्ने, गराउने व्यवस्था गर्ने तथा समस्या भएमा समाधान गर्ने, गराउने तथा प्रतिवेदन पेश गर्ने, गराउने व्यवस्था गर्ने ।
१६. तोकिए वमोजिम अन्य कार्य गर्ने ।

### २.३.२. निर्वाचन व्यवस्थापन महाशाखा

१. मतदाता नामावलीसँग सम्बन्धित रहेका विद्यमान नीति ऐन, नियमहरूको अध्ययन गरी, गराई आवश्यक संशोधन, परिमार्जन गर्न आधिकारिक राय सहित पेश गर्ने ।
२. निर्वाचन व्यवस्थापनसँग सम्बन्धित विषयहरूको गोष्ठी, सम्मेलन आदि सम्पन्न गर्ने, गराउने ।
३. निर्वाचन आयोग तथा अन्तर्गतका जिल्ला निर्वाचन कार्यालयहरूले सङ्कलन तथा अद्यावधिक गर्ने मतदाता नामावली प्राप्तिको व्यवस्था मिलाई कार्यान्वयन गर्ने गराउने ।

४. प्रत्यायोजित अधिकारबमोजिम अधिनस्थ कर्मचारीहरूको बिदा तथा कार्यसम्पादन मूल्यांकन सम्बन्धी कार्य गर्ने ।
५. मतदाता नामावली संकलनको लागि प्रमुख नामदर्ता अधिकारी, नामदर्ता अधिकारी र सहायक नामदर्ता अधिकारीको नियुक्ति सम्बन्धी व्यवस्था मिलाउने ।
६. निर्वाचनसँग सम्बन्धित योजनाहरूको प्रारूप तयार गराई स्वीकृत आयोजनाहरूको व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने ।
७. निर्वाचनको सिलसिलामा आइपरेको समस्याहरूको अध्ययन र अनुसन्धानसम्बन्धी कार्य गर्ने, गराउने र तालिमसम्बन्धी पाठ्यक्रम निर्माण, तालिम सामग्री उत्पादन तथा परिमार्जन सम्बन्धी कार्य गर्ने, गराउने ।
८. निर्वाचन आयोग तथा अन्तर्गतका कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा अध्ययन अनुसन्धान, तालिम, प्रशिक्षण गोष्ठी सम्मेलन आदि गर्ने, गराउने ।
९. निर्वाचन तथा मतदाता शिक्षा र तालिमसम्बन्धी पाठ्यक्रमको निर्माण गर्ने, तालिम सामग्रीहरूको उत्पादन, विकास एवम् परिमार्जनको व्यवस्था मिलाउने ।
१०. महाशाखासँग सम्बन्धित नीति, ऐन, नियमहरूको अध्ययन गरी आवश्यक संशोधन, परिर्माजन वा नयाँ नीतिको मस्यौदा गर्ने ।
११. पुस्तकालय व्यवस्थापन, सूचना तथा सञ्चार व्यवस्थापनसम्बन्धी कार्य गर्ने गराउने ।
१२. महाशाखा अन्तर्गतका कर्मचारीहरूको आवश्यकता अनुसार सुपरीवेक्षण, निर्देशन, समन्वय, नियन्त्रण, मूल्याङ्कन गर्ने गराउने ।
१३. यस महाशाखा अन्तर्गतका शाखाहरूको कार्यमा रेखदेख, समन्वय गरी व्यवस्थित रूपमा कार्य सञ्चालन गर्ने गराउने ।
१४. समय समयमा तोकिए वमोजिम अन्य कार्य गर्ने ।

### २.३.३. कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा

१. निर्वाचनसम्बन्धी ऐन, नियम, अध्यादेश, निर्देशिका, कार्यविधि, आचार संहिताको मस्यौदा तर्जुमा, संशोधन, सुधार आदि गर्नुपर्ने भएमा राय साथ पेश गर्ने ।
२. निर्वाचन आयोगलाई विपक्षी बनाई परेको उजुरीको लिखित जवाफ तयार गर्ने गराउने ।
३. अदालतबाट भएको फैसला कार्यान्वयन गर्ने गराउने ।
४. आयोगको तर्फबाट प्रतिरक्षा गर्नुपर्ने विषयमा कानूनी प्रतिरक्षा (वहस, पैरवी) गर्ने ।
५. आयोगबाट कार्यसम्पादन हुँदा पुर्‍याउनुपर्ने कानूनी प्रक्रियाहरूमा राय सल्लाह दिने ।
६. नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने विषयहरू समयमै प्रकाशन गर्ने व्यवस्था मिलाउने ।
७. राजनीतिक दल व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने ।

८. राजनीतिक दल दर्ताका आवेदनहरूमा आवश्यक छानवीन गरी दल दर्ताको लागि रायसहित पेश गर्ने ।

९. दर्ता भएका राजनैतिक दलहरूको रेकर्ड अद्यावधिक रूपमा राख्ने ।

१०. आवश्यकता अनुसार दलहरूसँग समन्वय, पत्राचार लगायतका कार्यहरू गर्ने ।

११. राजनीतिक दलहरूले पेश गर्नुपर्ने वार्षिक आय व्यय विवरण पेश गर्ने र निर्वाचन खर्चको विवरण पेश गर्ने सम्बन्धमा कारबाही गर्ने गराउने ।

१२. महाशाखा अन्तर्गत स्वीकृत बजेट तथा कार्यक्रम सञ्चालन गर्ने गराउने ।

१३. समय समयमा तोकिएको अन्य कार्यहरू सम्पादन गर्ने ।

### २.३.४. सूचना प्रविधि महाशाखा

१. मतदाता विवरण व्यवस्थापनका लागि निर्देशन, नियन्त्रण र सुपरीवेक्षण गर्ने ।

२. आवश्यकता अनुसार मतदाता नामावलीको डाटावेस अद्यावधिक गर्ने ।

३. मतदाता विवरणको गुणस्तर, सुरक्षा, गोपनियता कायम गर्ने गराउने ।

४. सूचना प्रविधिसँग सम्बन्धित परियोजनाहरू सञ्चालन, नियन्त्रण र निर्देशन गर्ने ।

५. नेपाल सरकारको निर्देशन बमोजिम विभिन्न सरकारी निकायबीच सूचना आदान प्रदानका लागि अन्तरनिकाय समन्वय कायम गर्ने ।

६. सूचना प्रविधिसँग सम्बन्धित आवश्यक कानूनी पूर्वाधार सफ्टवेयर सम्बन्धी नीतिगत व्यवस्थाको लागि अन्य महाशाखासँग समन्वय गर्ने ।

७. सूचना प्रविधिसम्बन्धी हार्डवेयर र सफ्टवेयर खरिद एवम् सम्झौताका लागि सम्बन्धित सरोकारवालासँग वार्ता छलफल र सम्झौता गर्ने ।

८. निर्वाचन तथ्याङ्क, भू–सूचना, निर्वाचन जोखिमसम्बन्धी आवश्यक नीति मस्यौदा तयार पार्ने, स्वीकृत कार्यक्रमबमोजिम कार्य गर्ने गराउने र अनुगमन मूल्याङ्कन गर्ने ।

९. आर्थिक स्रोत साधन व्यवस्थापनको लागि अन्य महाशाखा शाखासँग समन्वय गर्ने ।

१०. निर्वाचनमा विद्युतीय मतदान उपकरण प्रयोगको विषयमा स्पष्ट खाका तयार पार्ने ।

११. सूचना प्रविधि व्यवस्थापन महाशाखासँग सम्बन्धित कर्मचारीहरूलाई कार्यक्षेत्रमा अद्यावधिक राख्ने ।

१२. समय समयमा तोकिएको अन्य कार्यहरू सम्पादन गर्ने ।

## २.४. सेवा प्रवाह सम्बन्धमा गरिएका मुख्य कार्यहरू

आयोग र अन्तर्गतका कार्यालयहरूबाट हुने सेवा प्रवाहलाई थप चुस्त, दुरूस्त र प्रभावकारी बनाउन देहाय बमोजिमका कार्य सम्पन्न गरिएका छन् :

१. सरूवा सम्बन्धी मापदण्डको आधारमा दुर्गम क्षेत्रलाई प्राथमिकतामा राखी कर्मचारीको पदस्थापना र सरूवा गरिएको,

२. राजपत्रांकित कर्मचारीहरूले महिना समाप्त भएको सातदिन भित्र आफूले अघिल्लो महिना सम्पादन गरेको कार्यसम्पादन प्रतिवेदन सम्बन्धित सुपरीवेक्षक समक्ष पेश गर्नु पर्ने व्यवस्था मिलाइएको,

३. आयोग सचिवालयबाट हुने पत्राचारलाई व्यवस्थित गर्न महाशाखा, शाखागत कोडको व्यवस्थालाई निरन्तरता दिइएको ,

४. मतदाता नामावली दर्ता कार्यलाई जिल्ला निर्वाचन कार्यालयको अतिरिक्त ७७ वटै जिल्ला प्रशासन कार्यालय र तोकिएका इलाका प्रशासन कार्यालय तथा घुम्ती सेवा कार्यक्रमबाट दर्ता गर्न सक्ने गरी व्यवस्था मिलाइएको,

५. आयोगमा नियमित कर्मचारी बैठक गरी कर्मचारीका समस्याहरू सम्बोधन गर्न र आयोगका काम कारवाहीलाई थप प्रभावकारी बनाइएको ।

नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा नियमित रूपमा बस्ने सचिव बैठकको निर्णय बमोजिम आयोगबाट कार्यान्वयन हुनुपर्ने कार्य तोकिएको समयमा नै सम्पन्न गर्ने गरिएको छ ।त्यसैगरी बिभिन्न सरकारी निकायबाट राष्ट्रिय महत्वको विषयमा प्राप्त हुन आएका परिपत्रहरूको कार्यान्वयन, विपद् व्यवस्थापन सम्बन्धी कार्य, सार्वजनिक सेवा प्रवाहमा सुधार सम्बन्धी यस आयोगसँग सम्बन्धित विषयको कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने प्रतिबद्धता, भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धीको कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति र कार्ययोजना, २०६९ को कार्यान्वयन गर्ने प्रतिबद्धता लगायतका कार्यहरू सम्पादन गरिएको छ । आयोगले आफ्नो कार्य व्यवस्थालाई प्रभावकारी बनाउन तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/०७७-२०८०/०८१) कार्यान्वयनलाई अगाडि बढाएको छ ।

कर्मचारी प्रशासन सम्बन्धी नियमित प्रशासनिक काम कारवाही जस्तै सरूवा, बढुवा, बिदा, काज, रमाना, अधिकार प्रत्यायोजन, अवकाश, सेवा करार, कार्यसम्पादन मूल्याङ्कन, कर्मचारी सम्पत्ति विवरणसँग सम्बन्धित कार्यहरू सम्पादन गरिएको छ । गणतन्त्र दिवस, २०७५ र निजामती

सेवा पुरस्कार, २०७५ का लागि आयोग र अन्तर्गत कार्यरत रही उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरूको मूल्याङ्कन गरी त्यस्ता कर्मचारीमध्येबाट पुरस्कार तथा पदकको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य भएको छ ।

आयोग र अन्तर्गतका कार्यालयबाट हुने कार्यसम्पादनलाई प्रभावकारी बनाउन र कार्यालय व्यवस्थापनलाई सुदृढ तुल्याउन आयोगबाट आवश्यकता अनुसार मातहतका कार्यालयलाई परिपत्र गर्ने गरिएको छ । यसैगरी आयोगको वेवसाइटमा सूचना एवम् जानकारीमूलक सामग्री अद्यावधिक गरी सरोकारवाला सबैको पहुँच योग्य बनाउने वातावरण श्रृजना भएको छ । यसबाट कार्यसम्पादनमा एकरूपता र प्रभावकारिता अभिवृद्धि हुनुका साथै सेवा प्रवाहमा सुधार गर्न टेवा पुगेको छ ।

## २.५. कर्मचारी क्षमता विकास

कर्मचारीको वृत्ति विकास गर्न तथा क्षमता विकास गरी आयोगको कार्यसम्पादनमा सुधार ल्याउने कार्यलाई निरन्तरता दिएको छ । आयोग र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीलाई लामो तथा छोटो अवधिको सेवाकालिन तालिम, विषय केन्द्रित प्रशिक्षण, अभिमुखीकरण र अवलोकन भ्रमण जस्ता कार्यक्रममा संलग्न गराइनुको साथै विभिन्न विषयमा अध्ययन तथा अवलोकनको लागि वैदेशिक तालिम तथा भ्रमणको अवसर समेत उपलब्ध गराइएको छ । प्रतिवेदन वर्षमा आयोग र अन्तर्गतका कार्यालयबाट वैदेशिक तालिम, अध्ययन, अवलोकन भ्रमणमा सहभागी कर्मचारीको विवरण **अनुसूची - ५** मा प्रस्तुत गरिएको छ ।

## २.६. सामग्री व्यवस्थापन

निर्वाचनका लागि मतपत्र लगायत मतदान केन्द्रमा पठाउनु पर्ने आवश्यक अन्य सामग्री आयोग र जिल्लास्तर कार्यालयबाट व्यवस्थापन गर्ने गरिएको छ । प्रतिवेदन वर्षमा निर्वाचन सञ्चालन सम्बन्धी कार्यसम्पादन गर्नुपर्ने नरहेकोले आयोगको दैनिक प्रशासन र कार्यालय सञ्चालनको लागि आवश्यक विभिन्न मसलन्द सामग्री लगायतका वस्तु तथा सेवा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम व्यवस्थापन गरिएको छ।आयोगमा रहेका बिभिन्न किसिमका सवारी साधन, कम्प्युटर लगायतका मेशीनरी औजार तथा उपकरण र फर्निचरहरू आवश्यकता अनुसार मर्मत संभार गरी सञ्चालनमा ल्याइएको छ ।

## २.७. सवारी साधन हस्तान्तरण

आयोगमा चालु अवस्थामा रहेका तर आयोगलाई तत्काल आवश्यक नदेखिएका विभिन्न मोडलका ६ थान सवारी साधनहरू नेपाल सरकारका विभिन्न निकायबाट माग भई आएबमोजिम आर्थिक कार्यविधि ऐन, २०५५ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम विभिन्न सरकारी निकायलाई हस्तान्तरण गरिएको छ । यस सम्बन्धी विवरण देहाय वमोजिम रहेको छ ।

| सि.नं. | सवारी साधनको प्रकार | परिमाण | हस्तान्तरण भएको कार्यालय | निर्णय मिति |
|---|---|---|---|---|
| १ | बा.२.झ २८०२ नं.को स्कारपियो जीप | १ थान | गृह मन्त्रालय | २०७६/१/०२ |
| २ | बा.१.ग.२६०४,२६०५,र २६०६ नं.का मिनी ट्रक | ३ थान | गृह मन्त्रालय | २०७६/१/१९ |
| ३ | बा.१.ग.२९८९ न.को बस | १ थान | गृह मन्त्रालय | २०७६/३/३० |
| ४ | बा.२.झ २९७ नं.को स्कारपियो डबल क्याब पिक अप | १ थान | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७६/२/१२ |

# परिच्छेद ३
# योजना, अनुगमन, समावेशीकरण तथा वैदेशिक सम्बन्ध

निर्वाचन आयोगले नेपालको संविधान तथा सरकारको नीति तथा कार्यक्रम, आयोगको पञ्चवर्षीय रणनीतिक योजना तथा स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न क्रियाकलापहरू सञ्चालन गरिरहेको छ । यी बिषयहरूमा प्रतिवेदन वर्षमा सम्पन्न भएका मुख्य मुख्य क्रियाकलापहरू निम्न अनुसार रहेका छन् ।

## ३.१. रणनीतिक योजनाको समीक्षा तथा तर्जुमा

### ३.१.१. पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा तथा तर्जुमा

आयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्य अवधि २०७६ असार मसान्तबाट समाप्त हुने भएकोले दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा र मूल्याङ्कन  गरी आगामी तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमाका लागि आयोगले मिति २०७५/६/२६ गते रणनीतिक योजना सम्बन्धी कार्य एवम् स्रोत पहिचान गर्न निर्वाचन आयुक्त  इश्वरी प्रसाद पौड्यालको संयोजकत्वमा कार्य एवम् स्रोत पहिचान समिति गठन गरिएको थियो । यसरी गठित समितिको कार्यमा सहयोग गर्न मिति २०७५/७/१५ गते बसेको समितिको बैठकबाट निर्णय भएअनुसार आयोगका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा रणनीतिक योजनासम्बन्धी कार्य एवम् स्रोत पहिचान उपसमिति गठन भएको थियो । उक्त समिति तथा उपसमितिले आफूलाई तोकिएको कार्य सम्पन्न गरी रणनीतिक योजनाको प्रारम्भिक प्रतिवेदन आयोगमा पेश गर्यो । रणनीतिक योजनाको मसौदामा राजनीतिक दल, सम्बद्ध सरकारी निकाय, विकास साझेदार संस्था र आम नागरिकको राय सुझाव प्राप्त गर्ने उद्देश्यले सम्वद्ध सरोकारवालाबाट रणनीतिक योजनाको मस्यौदामा प्राप्त पृष्ठपोषण समेतलाई समावेश गरी रणनीतिक योजनालाई अन्तिम रूप दिएको थियो । तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्ययोजना अनुरूपका क्रियाकलापहरू कार्यान्वयन हुने क्रममा रहेका छन् । रणनीतिक योजनाको मसौदालाई आयोगको वेभसाइटमा सार्वजनिक गरिएको थियो ।

वि.सं. २०७५ साल माघ २० र २१ गते आयोगका अधिकृतस्तरका कर्मचारीहरू तथा साझेदार संस्थाका प्रतिनिधिहरूको सहभागितामा आयोग परिसरमा दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा कार्यक्रम सम्पन्न गरी दोस्रो रणनीतिक योजनामा उल्लेख गरिएका क्रियाकलापहरूको कार्यान्वयनको अवस्थाको विश्लेषण तथा मूल्याङ्कन गरिएको थियो । योजनामा समावेश भएका क्रियाकलापहरू मध्ये  के कति क्रियाकलापहरू पूर्णरूपमा सम्पन्न भए, के कति क्रियाकलाप आंशिक रूपमा सम्पन्न भए तथा के कति क्रियाकलापहरू सञ्चालनमा आउन सकेनन समीक्षा गरी

कार्यक्रम प्रतिवेदन तयार गरिएको थियो।

### ३.१.२. तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा सम्बन्धी छलफल तथा गोष्ठी

तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमाको सन्दर्भमा काभ्रेपलाञ्चोकको धुलिखेलमा मिति २०७५/१०/२५ गतेदेखि २७ गतेसम्म आयोगका अधिकृतस्तरका कर्मचारीहरू सहभागी भई आयोगको पहिलो तथा दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, राष्ट्रिय योजना आयोगको पन्ध्रौ योजनाको आधार पत्र तथा वार्षिक बजेट तथा कार्यक्रमका आधारमा तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमाको लागि छलफल गरी योजनाका रणनीति, कार्यनीति र क्रियाकलाप हरूको पहिचान गरिएको थियो ।

### ३.१.३. उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम

निर्वाचन आयोगबाट २०७६ असार ९ गते सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतित्थ्यता एवम् सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा सम्माननीय राष्ट्रिय सभाका अध्यक्ष, पूर्व प्रधानमन्त्रीहरू, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिहरू लगायत निर्वाचन सम्बद्ध प्रमुख सरोकारवालाहरूसँग २०७४ सालमा सम्पन्न स्थानीय तह, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति पदको निर्वाचनको समीक्षा गोष्ठीमा प्राप्त भएका पृष्ठपोषणको जानकारी गराउने तथा आगामी तेस्रो रणनीतिक योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१) ले अवलम्बन गर्नुपर्ने रणनीतिहरूका सम्बन्धमा जानकारी गराउन तथा राय, सुझाव र प्रतिक्रिया प्राप्त गर्न "निर्वाचन समीक्षा तथा आयोगको भावि रणनीति" विषयक उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

राष्ट्रपति कार्यालयको सभाहलमा आयोजित उक्त कार्यक्रमको समुद्घाटन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूले गर्नु भएको थियो । उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूबाट आयोगले हालसम्म हासिल गरेका उपलब्धि र सफलता सह्रानीय रहेको बताउनु हुँदै, निर्वाचनलाई मितव्ययी र धान्न सकिने बनाउन र सूचना प्रविधिको प्रयोगलाई बढाई पारदर्शी निर्वाचन अभियानको अभ्यास र आचार संहिताको पालनामा सबैलाई जिम्मेवार बनाउन विशेष ध्यान दिन जरूरी रहेको कुरा व्यक्त गर्नुभयो ।



**सम्माननीय राष्ट्रपतिज्यू कार्यक्रमको समुद्घाटन गर्नुहुँदै**

कार्यक्रममा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीबाट आयोगले हासिल गरेका उपलब्धि लाई


सम्माननीय प्रधानमन्त्रीज्यू कार्यक्रममा सम्बोधन गर्नुहुँदै

स्मरण गर्दै आगामी दिनमा निर्वाचनलाई ।अझ बढी स्वच्छ, स्वतन्त्र र मर्यादित रूपमा सम्पन्न गर्न आयोग सक्षम संस्थाको रूपमा अगाडि बढ्ने विश्वास व्यक्त गर्दै सोका लागि सरकारको सदैव सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा पूर्व प्रधानमन्त्री शेर बहादुर देउवाले Electronic Voting Machine को प्रयोग, विदेशमा रहेका नेपालीहरूको मताधिकार, मतदाताहरूको Online Registration, मतदान स्थलमा नै मतगणना गर्ने सम्बन्धि विषयमा धारणा राख्नुभएको थियो ।


पूर्व प्रधानमन्त्री शेर बहादुर देउवा कार्यक्रममा आफ्नो धारणा राख्नुहुँदै


पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल कार्यक्रममा आफ्नो धारणा राख्नुहुँदै

त्यसैगरी निर्वाचन प्रणालीलाई मितव्ययी बनाउने, राजनीतिक दललाई राज्यबाट अनुदान उपलब्ध गराउने, विदेशमा रहेका नेपालीको मताधिकार लगायत समग्र निर्वाचन व्यवस्थापनको सुधार सम्बन्धमा पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

अनिवार्य मतदातको व्यवस्था गरेमा मात्र NOTA र Recall को व्यवस्था कार्यान्वयन गर्न सकिन्छ भन्दै निर्वाचन महँगो भएकोले भ्रष्टाचार बढेको छ, दलले प्राप्त गर्ने मतका आधारमा राज्यले खर्च व्यहोर्ने व्यवस्था लागू गर्नुपर्छ, विदेशमा बस्ने नेपाली नागरिकलाई मताधिकारको अधिकार दिनु पर्दछ, समावेशिकताका लागि पूर्ण समानुपातिक वा महिला र महिलाकाबीच, दलित र दलितका बीच मात्र प्रतिस्पर्धा गराउनुपर्छ, EVM को प्रयोग गर्नु पर्दछ, प्रविधिको प्रयोग गर्ने कुरामा शंका गर्नु नहुने लगायतका धारणा कार्यक्रममा पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईले राख्नु भएको थियो ।



**पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई कार्यक्रममा आफ्नो धारणा राख्नुहुँदै**

कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले कार्यक्रमको उद्देश्य प्रस्तुत गर्नु भएको थियो । निर्वाचनलाई मितव्ययी र धान्न सकिने बनाउने, एकीकृत निर्वाचन कानून तर्जुमा गर्ने, विदेशमा बस्ने नेपालीहरूको मतदान अधिकारको सम्बन्धमा उचित व्यवस्थापन गर्ने, संघीय ढाँचा अनुरूप आयोग र मातहतको पुनरसंरचना गर्ने, आयोग र अन्तर्गत कार्यालयहरूको भवन निर्माण, अन्य पूर्वाधार सुधार र स्रोत साधनको महत्तम उपयोग गर्ने, मतदाता शिक्षा र नागरिक सचेतनाका कार्यक्रमलाई विधागत रूपमा व्यवस्थित गरी स्थानीय तहसम्म हस्तान्तरण गर्ने, निर्वाचन प्रक्रियामा प्रदेश सरकार तथा स्थानीय तहलाई सहभागी गराउने, प्रविधियुक्त निर्वाचन प्रणाली स्थापित गर्ने लगायतका विषयमा विभिन्न समिति र कार्यदल गठन गरी कार्य प्रारम्भ गरिएको व्यहोरा जानकारी गराउनु भयो । साथै आयोगले सबै सरोकारवाला हरूको समेत सुझाव लिई उद्देश्य मा स्पष्टता, प्रक्रियामा एकरूपता, सूचनामा सहजता, कार्यान्वयनमा सहभागिता, नतिजामा



**प्रमुख निर्वाचन आयुक्तबाट कार्यक्रममा उठेका जिज्ञासाहरुको सम्बोधन**

शीघ्रता, काम कारवाहीमा विश्वसनीयता एवम् निरन्तरता कायम गर्ने पद्धति र कार्यशैलीका साथ आफ्नो कार्यलाई निरन्तर रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



निर्वाचन आयुक्त नरेन्द्र दाहाल आयोगको तर्फबाट प्रस्तुतीकरण गर्नुहुँदै

निर्वाचन आयुक्त नरेन्द्र दाहालले आयोगको प्रस्तावित तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाका प्रस्तावित रणनीति एवम् कार्यनीतिहरू प्रस्तुत गर्नुभयो । रणनीतिहरूमा आयोगको संस्थागत सुदृढीकरण गर्ने, प्रविधियुक्त निर्वाचन व्यवस्थापन प्रणालीको विकास गर्ने, निर्वाचन सम्बन्धी नीतिगत तथा कानूनी सुधार गर्ने, संविधान र कानून बमोजिम राजनीतिक दल व्यवस्थापन गर्ने र निर्वाचन व्यवस्थापनमा साझेदारी र सहकार्य अभिवृद्धि गर्ने रहेका कुरा प्रस्तुत गर्नुभयो ।



निर्वाचन आयुक्त इश्वरी प्रसाद पौड्याल आयोगको तर्फबाट प्रस्तुतीकरण गर्नुहुँदै

निर्वाचन आयुक्त इश्वरी प्रसाद पौड्यालले आयोगको स्वायत्तता बढाउने विषय, निर्वाचन खर्चलाई कसरी मितव्ययी बनाउने, निर्वाचन प्रक्रियामा सूचना प्रविधिको प्रयोग, विदेशमा रहेका मतदाताहरूले निर्वाचनमा मतदान गर्न पाउने व्यवस्थाको सुनिश्चित गर्ने बिषय, निर्वाचन आचार संहिताको प्रभावकारी रूपमा पूर्ण पालना कसरी गराउने जस्ता निर्वाचन समीक्षाको क्रममा उठेका विषयवस्तु एवम् सुझावबारे प्रस्तुत गर्नुभयो ।उक्त अन्तरक्रिया कार्यक्रममा सहभागी निर्वाचन सम्बद्ध प्रमुख सरोकारवालाहरू तथा विशिष्ट व्यक्तित्वहरूबाट प्राप्त भएका राय, सुझाव, प्रतिक्रियाहरू एकीकृत गरी प्रतिवेदन समेत तयार गरिएको थियो ।

## ३.२. केन्द्रीय अनुगमन

निर्वाचन आयोग अन्तर्गत ७७ वटा जिल्ला निर्वाचन कार्यालयहरू रहेका छन् । प्रतिवेदन वर्षमा आयोगको वार्षिक स्वीकृत कार्यक्रम अनुसार आयोग अन्तर्गतका जिल्ला निर्वाचन कार्यालयहरूले गर्नुपर्ने समग्र कार्यसम्पादन प्रक्रिया, निर्वाचन व्यवस्थापन, मतदाता नामावली संकलन तथा अद्यावधिक, केही निर्वाचन कार्यालयहरूमा आफ्नो कार्यालय भवन निर्माण भइरहेको तथा घर जग्गाको अवस्था, केही जिल्लाका निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट निर्वाचन शिक्षा प्रवाह, कार्यालय व्यवस्थापन, जिन्सी व्यवस्थापन, सरकारी सम्पत्तिको अभिलेख, आर्थिक व्यवस्थापन लगायतका कार्यहरू सञ्चालन भइरहेका छन् । उक्त कार्यहरूको सम्बन्धमा प्रतिवेदन वर्षमा आयोगका सचिव, सहसचिव, अधिकृतस्तरका १५ जना कर्मचारीहरूबाट १७ वटा जिल्लाहरूको सघन अनुगमन तथा निरीक्षण गरिएको थियो ।

## ३.३ भवन निर्माण, सरकारी भवन तथा जग्गा प्राप्तिको विवरण

आयोगको वार्षिक कार्यक्रम अन्तर्गत आफ्नो कार्यालय भवन नभएका जिल्ला निर्वाचन कार्यालयहरूको लागि सरकारी भवन प्राप्तिका विषयमा सम्बन्धित निकायसँग समन्वय तथा पत्राचारको कार्य क्रमशः भइरहेको छ । प्रतिवेदन वर्षमा १६ वटा जिल्ला निर्वाचन कार्यालयहरूको आफ्नै भवन रहेको, ४ वटा जिल्लामा भवन निर्माणको कार्य भइरहेको, १० वटा जिल्लाको लागि जग्गा प्राप्ति भएको, ६ वटा जिल्लाको लागि सरकारी भवन प्राप्ति भएको तथा आर्थिक वर्ष २०७५/०७६ मा जिल्ला निर्वाचन कार्यालय भवन निर्माणतर्फ रू. १ करोड ९३ लाख ७३ हजार बजेट स्वीकृत भएकोमा रू. १ करोड ८० लाख ६५ हजार बजेट खर्च भएको छ । जिल्ला निर्वाचन कार्यालयहरूको जग्गा, सरकारी भवन प्राप्ति तथा भवन निर्माणको विवरण देहाय अनुसार रहेको छ :

**भवन निर्माण, सरकारी भवन तथा जग्गा प्राप्तिको विवरण**

| क्र.सं . | विवरण | जिल्ला |
|---|---|---|
| १. | आफ्नै कार्यालय भवन भएका | ताप्लेजुङ्ग, झापा, मोरङ्ग, ओखलढुङ्गा, उदयपुर, मकवापुर, चितवन, धादिङ्ग, तनहुँ, कास्की, पर्वत, पाल्पा, म्याग्दी, अछाम, सुर्खेत, दैलेख र कैलाली -१७ |
| २. | सरकारी भवन प्राप्त भएका | भोजपुर, धनकुटा, रसुवा, अर्घाखाँची, बाँके तथा सल्यान - ६ |
| ३. | भवन निर्माण भइरहेका | सर्लाही, सिन्धुपाल्चोक र रामेछाप - ३ |
| ४. | जग्गा प्राप्त भएका | सोलुखुम्बु, प्युठान, तेह्रथुम, बर्दिया, खोटाङ, सुनसरी, मनाङ्ग मुस्ताङ्ग र मुगु - ९ |

| | | |
|---|---|---|
| ५. | जग्गा र भवन नभएको | पाँचथर, इलाम, संखुवासभा, सप्तरी, सिराहा, धनुषा, महोतरी, रौतहट, बारा, पर्सा, दोलखा, सिन्धुली, काभ्रेपलाञ्चोक, नुवाकोट, भक्तपुर, ललितपुर, काठमाडौ, गोरखा, लम्जुङ, स्याङ्जा, बाग्लुङ, नवलपरासी (पश्चिम), नवलपरासी (पूर्व), रूपन्देहि, कपिलवस्तु, रूकुम (पूर्व), रोल्पा, दाङ, देउखुरी, रूकुम (पश्चिम), डोल्पा, जुम्ला, हुम्ला, कालिकोट, जाजरकोट, बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर - ४२ |

कार्यालय भवन निर्माण भइरहेका जिल्लाहरूको लागि क्रमशः बजेटको व्यवस्था गर्दै भवन निर्माण कार्य अघि बढाउने र आफ्नै भवनमा कार्यालय नभएका जिल्लाको लागि मुलुकको पुनर्संरचना पश्चात स्थानीय तहमा गाभिएका वा समायोजन भएका जिल्लास्थित सरकारी निकायहरूका खाली भवन प्राप्त गर्ने नीति आयोगको रहेको छ । तीन तहको शासकीय स्वरूप निर्माण भए पछि आयोग अन्तर्गतका कार्यालयहरूको लागि भवन प्राप्ति सम्बन्धमा प्रतिवेदन वर्षमा भोजपुर, धनकुटा, रसुवा, अर्घाखाँची, बाँके र सल्यान जिल्ला निर्वाचन कार्यालयहरूले सरकारी भवन प्राप्त गरिसकेका छन् । प्राप्त भएका भवनहरू सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरूको नाममा हस्तान्तरण भई आउने प्रक्रियामा रहेका छन् ।

## ३.४ लैङ्गिक तथा समावेशीकरण

आयोगको लैङ्गिक तथा समावेशीकरण नीति तथा रणनीतिको कार्यान्वयन गर्ने सिलसिलामा लैङ्गिक तथा समावेशीकरण कार्ययोजना अनुसार भएका कार्यहरू देहाय अनुसार रहेका छन्ः

१. प्रतिवेदन वर्षमा लैङ्गिक तथा समावेशीकरण नीति तथा रणनीतिको कार्यान्वयन गर्न एक वर्षीय लैङ्गिक तथा समावेशी कार्ययोजना निर्माण गरिएको थियो ।

२. आयोगको सो लैङ्गिक तथा समावेशी कार्ययोजनामा वि.सं. २०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचन, प्रदेश सभा, प्रतिनिधि सभा र राष्ट्रिय सभा सदस्य निर्वाचनमा महिला तथा समावेशी समुहको प्रतिनिधित्वलाई लिएर अध्ययन गर्ने कार्यक्रम रहेको थियो । सो सम्बन्धमा स्थानीय तह, प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका तथ्याङ्कलाई १० वटा क्लष्टर बनाएर उक्त समुहसँग सम्बन्धित प्रश्नावली तर्जुमा गरी निर्वाचनमा लैङ्गिक तथा समावेशी विषयको अध्ययन अनुसन्धान गरे पश्चात प्रतिवेदन पुस्तिका तयार गरिएको थियो । निर्वाचनका विषयमा सञ्चालन गरिएका लैङ्गिक तथा समावेशी सम्बन्धी कार्यक्रममा उक्त अध्ययन प्रतिवेदनलाई सहभागीहरूले विशेष महत्वका साथ लिने गरेका छन् ।

३. मिति २०७५/१२/२२ गते पर्वत जिल्लाको कुष्मा नगरपालिका र मिति २०७५/१२/२३ गते बाग्लुङ जिल्लाको बाग्लुङ नगरपालिकामा निर्वाचनका प्रक्रियाहरूमा महिला तथा समावेशी समुहको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले एक दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्यका बिषयमा सैद्धान्तिक तथा व्यवहारिक प्रक्रियाको सम्बन्धमा जानकारी गराइएको थियो । कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिहरू, नगरपालिकाका उपप्रमुख, कार्यपालिकाका सदस्यहरू, वडा अध्यक्षहरू, वडाका महिला तथा दलित महिला सदस्यहरू, नागरिक समाज तथा सञ्चारकर्मीहरू गरी ७० जनाको सहभागिता रहेको थियो ।
४. मिति २०७६/१/१५ गते दोलखा जिल्लाको भिमेश्वर नगरपालिका तथा मिति २०७६/१/१६ गते सिन्धुपाल्चोक जिल्लाको चौतारा नगरपालिकामा निर्वाचनका प्रक्रियाहरूमा महिला तथा समावेशी समुहको सहभागिता अभिवृद्धि गर्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।उक्त अन्तरक्रिया कार्यक्रममा मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्यका बिषयमा सैद्धान्तिक तथा व्यवहारिक प्रक्रियाको समेत जानकारी गराइएको थियो ।कार्यक्रममा नगरपालिकाका उपप्रमुख, कार्यपालि काका सदस्यहरू, वडा अध्यक्षहरू, वडाका महिला तथा दलित महिला सदस्यहरू, नागरिक समाज तथा सञ्चारकर्मीहरू गरी ८९ जनाको सहभागिता रहेको थियो ।

### ३.५ वैदेशिक सम्बन्ध

आयोगका स्वीकृत वार्षिक कार्यक्रमहरू मध्ये केही कार्यक्रमहरू सञ्चालनमा साझेदार संस्थाहरू यूएनडिपि/इएसपी, आइएफइएस नेपाल तथा आइडिइए इन्टरनेशनलले प्राविधिक तथा आर्थिक सहयोग गर्दै आएका छन् । आयोगबाट सञ्चालन हुने कार्यक्रममा साझेदार संस्थाहरूबाट देहायका कार्यहरूमा सहयोग उपलब्ध भएको थियो ।

१. मिति २०७५/५/४ गते काठमाण्डौमा BRIDGE Showcase कार्यशाला सञ्चालन गरिएको ।
२. मिति २०७५/५/२४ देखि २६ गतेसम्म निर्वाचन आयोगमा तीन दिनको Strategic Planning for Electoral Management विषयक ब्रीज कार्यशाला सञ्चालन गरिएको ।
३. मिति २०७५/७/३० देखि मिति २०७५/८/१० गतेसम्म ललितपुरमा ब्रीज Train the Facilitator (TtF) कार्यक्रम सञ्चालन गरिएको ।
४. मिति २०७६/८/२२ देखि २४ गतेसम्म काठमाण्डौ र मिति २०७६/८/२५ देखि २८ गतेसम्म नेपालगञ्जमा निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक ब्रीज कार्यशाला सञ्चालन गरिएको ।

५. लैङ्गिक समानता र निर्वाचन विषयक ब्रीज कार्यशाला ६ स्थानमा सञ्चालन गरिएको ।
६. सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा विषयक प्रशिक्षण कार्यक्रम धादिङ्ग र नुवाकोटमा सञ्चालन गरिएको ।
७. निर्वाचन विवाद निरूपण सम्बन्धी राजनीतिक दलसँग अन्तरक्रिया कार्यक्रम इलाम, सप्तरी र काठमाण्डौमा सञ्चालन गरिएको ।
८. साझेदार संस्थासँगको समन्वयमा उम्मेद्वारको खर्च विवरण (Campaign Finance) र निर्वाचन विवाद निरूपण (Electoral Dispute Resolution) Software सञ्चालन सम्बन्धि तालिम ७७ जिल्ला निर्वाचन कार्यालयका जिल्ला निर्वाचन अधिकारी र कम्प्यूटर अपरेटरका लागि ४ स्थानमा सञ्चालन गरिएको ।

आयोगले सरकारको नीति तथा कार्यक्रम, आयोगको रणनीतिक योजना तथा वार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न क्रियाकलापहरू नेपाल सरकारको स्रोत साधन तथा आयोगका विभिन्न साझेदार संस्थाहरूबीचको आर्थिक एवम् प्राविधिक सहयोग तथा समन्वयमा सञ्चालन गर्दै आएको छ । उक्त वार्षिक कार्यक्रम अनुसारका क्रियाकलापहरू मध्ये लैङ्गिक तथा समावेशी सम्बन्धी, वार्षिक प्रतिवेदन तयारी, वार्षिक समीक्षा, पञ्चवर्षीय रणनीतिक योजनाको तयारी एवम् कार्यान्वयन आदि रहेका छन् ।

# परिच्छेद ४
# मतदाता नामावली तथा निर्वाचन सञ्चालन

निर्वाचन व्यवस्थापन महाशाखा अन्तर्गत रहेको मतदाता नामवली तथा निर्वाचन सञ्चालन शाखाले संविधान र संघीय कानून बमोजिम राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद, प्रदेशसभा सदस्य, स्थानीय तहका सदस्यको निर्वाचन सञ्चालनका लागि निर्वाचन कार्यातालिका बनाउने, निर्वाचन अधिकृतको नियुक्तिको लागि न्याय परिषद्सँग समन्वय गर्ने, मतपत्रको डिजाइन र छपाईको व्यवस्थापन, मतदान केन्द्रको पुनरावलोकन, मतदाता नामावली दर्ता, संकलन तथा अद्यावधिक लगायतको कार्यक्रम तर्जुमा गर्ने, कार्यक्रम स्वीकृतिको लागि आयोगमा पेश गर्ने, स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि जिल्लाहरूसँग समन्वय गर्ने कार्य गरेको छ । विभिन्न जिल्लास्तरका निकाय तथा सरोकारवालाहरूबाट आएका समस्या समाधानका लागि पहल गर्ने, निर्वाचनको समयमा अन्तिम मतदाता नामावली छपाई पश्चात रूजु, प्याकिङ, बाईण्डिङ गरी सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पठाउने, मतदान कार्य सञ्चालन र मतगणना पश्चात मतपरिणाम संकलन र घोषणा गर्ने सम्मको कार्य गर्दछ । यसका साथै निर्वाचन सञ्चालन तथा व्यवस्थापन र मतदाता परिचयपत्र सम्बन्धमा नीतिगत निर्णयको लागि आयोगसमक्ष प्रस्ताव पेश गर्ने र मतदाता परिचयपत्र वितरण तथा प्रयोग सम्बन्धमा आवश्यक कार्य गरेको छ ।

## ४.१ संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानको भाग २४ को धारा २४६ मा राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन एवम् राष्ट्रिय महत्त्वका विषयमा जनमत संग्रह गराउने जिम्मेवारी निर्वाचन आयोगलाई रहेको छ । नेपाल सरकारले निर्वाचन आयोगको परामर्शमा निर्वाचनको मिति तोक्ने व्यवस्था रहेको छ तर उपनिर्वाचनको सन्दर्भमा स्थानीय तहको उपनिर्वाचनको मिति आयोगको परामर्शमा नेपाल सरकारले तोक्ने र प्रतिनिधिसभा एवम् प्रदेशसभा सदस्यको उपनिर्वाचनको हकमा नेपाल सरकारसँगको समन्वयमा निर्वाचन आयोगले उपनिर्वाचनको मिति तोक्ने कानूनी व्यवस्था रहेको छ । निर्वाचन सञ्चालन र व्यवस्थापनका लागि निर्वाचन आयोग ऐन, २०७३ लगायतका निर्वाचन सञ्चालन सम्बन्धी ऐन, नियम, निर्देशिका र कार्यविधिहरू रहेका छन् ।

संविधान तथा संघीय कानून बमोजिमको उक्त निर्वाचन सञ्चालनका लागि मतदाता नामावली तयार गर्ने काम पनि निर्वाचन आयोगलाई छ । त्यस्तै निर्वाचन आयोग ऐन, २०७३ को दफा

११(ख) बमोजिम मतदाताको पहिचानको लागि आवश्यक व्यवस्था मिलाउने काम निर्वाचन आयोगले गर्नु पर्दछ । मतदाता नामावली ऐन, २०७३ ले संविधान तथा संघीय कानून बमोजिम हुने निर्वाचनको लागि मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने विधि र प्रक्रिया निर्धारण गरेको छ । संविधान एवम् कानून बमोजिम निर्वाचनहरूको लागि आवश्यक पर्ने मतदाता नामावली निर्वाचन आयोगले तयार गर्दछ ।

आयोगले आफ्ना जिम्मेवारी पूरा गर्न आवधिक रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । सोही क्रममा दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/०७२-२०७५/०७६) को स्तम्भ ३ मा मतदाता दर्ता र निर्वाचन प्रविधि अन्तर्गत सबै योग्य मतदाताको नाम दर्ता निरन्तर रूपमा हुने कुरा सुनिश्चित गर्ने भनी तोकिएको छ ।साथै स्तम्भ ५ को सामग्री व्यवस्थापन र निर्वाचन सञ्चालन अन्तर्गत लक्ष्य १५ मा मतदातामैत्री निर्वाचन सञ्चालन गर्ने भनी उल्लेख गरिएको छ । आवधिक रणनीतिक योजनाले निर्दिष्ट गरेका उपर्युक्त रणनीतिक एवम् कार्यनीति अन्तर्गतका क्रियाकलापहरू सञ्चालन र व्यवस्थापन यसै शाखाबाट हुँदै आएको छ ।

### ४.२ मतदाता नामावली तथा निर्वाचन सञ्चालन

### ४.२.१ निरन्तर मतदाता दर्ता

मतदाता नामावली तयारी सम्बन्धी कार्य एक गतिशील तथा निरन्तरको कार्य प्रक्रिया भएको हुँदा आयोगले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्यलाई निरन्तर रूपमा सञ्चालन गर्दै आइरहेको छ । आयोगको सोही नीति बमोजिम ७७ वटै जिल्ला निर्वाचन कार्यालय तथा जिल्ला प्रशासन कार्यालय र तोकिएका ३८ वटा इलाका प्रशासन कार्यालयहरूमा नियमित रूपमा मतदाता दर्ता कार्य सञ्चालन भइरहेको छ । मतदाता नामावली दर्ता सम्बन्धी  जिल्लागत विस्तृत विवरण **अनुसूची-६** मा संलग्न गरिएको छ । यस अन्तर्गत आर्थिक वर्ष २०७५/०७६ मा जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय र घुम्ति शिविरबाट दर्ता भएका मतदाताको विवरण देहाय बमोजिम रहेको छ ।

## निरन्तर मतदाता दर्ता विवरण

| क्र.सं. | दर्तास्थान | महिला | पुरूष | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | जिल्ला निर्वाचन कार्यालय | ५८३८ | ९५१९ | ३ | १५३६० |
| २ | जिल्ला प्रशासन कार्यालय | १७६०५४ | २०१७८९ | २ | ३७७८४५ |
| ३ | इलाका प्रशासन कार्यालय | ५६५१९ | ६१०८५ | १ | ११७६०५ |
| ४ | घुम्ती सेवा कार्यक्रम | ३६८९३ | २९२३४ | ० | ६६१२७ |
| जम्मा | | २७५३०४ | ३०१६२७ | ६ | ५७६९३७ |

मतदाता दर्ता सम्बन्धी माथि उल्लिखित विवरणलाई वृत चित्रमा देहायबमोजिम प्रस्तुत गरिएको छ ।



### ४.२.२ एकीकृत घुम्ती सेवा कार्यक्रमबाट मतदाता नामावली दर्ता

जिल्ला प्रशासन कार्यालयले जिल्लाका विभिन्न स्थानमा नियमित रूपमा सञ्चालन गर्ने एकीकृत घुम्ति सेवामा जिल्ला निर्वाचन कार्यालय समेत सहभागी भई मतदाता नामावली दर्ताको कार्य गर्ने गरिएको छ । वि.सं. २०७५ साल श्रावण १ गते देखि वि.सं. २०७६ साल असार मसान्त सम्म ७७ वटा जिल्ला मध्ये विभिन्न ६७ वटा जिल्लामा घुम्ती सेवा सञ्चालन भएको थियो । उक्त ६७ जिल्लाको २२९ स्थानमा सञ्चालित एकीकृत घुम्ती सेवा कार्यक्रमबाट महिला ३६,८९३ र पुरूष २९,२३४ गरी जम्मा ६६,१२७ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका थिए । जसको विवरण **अनुसूची-७** मा समावेस छ ।

### ४.२.३. मतदाता अद्यावधिक विवरण

आर्थिक वर्ष २०७५/०७६ मा निरन्तर मतदाता दर्ता कार्यक्रमका साथसाथै मतदाताहरूको विवरण स्थानान्तरण, सच्याउने, हटाउने गरी ४५८६ जनाको अद्यावधिक गर्ने कार्य समेत गरिएको छ । मतदाताको अद्यावधिक गरिएको विवरण देहाय बमोजिम रहेको छ ।

**निरन्तर मतदाता दर्ता कार्यक्रमबाट अद्यावधिक भएको मतदाताको विवरण**

| क्र.सं. | विवरण | जना |
|---|---|---|
| १ | मतदाताको विवरण स्थानान्तरण | १६३३ |
| २ | मतदाताको विवरण सच्चाउने | २२७४ |
| ३ | मतदाताको दोहोरो परेको विवरण हटाउने | ६७९ |
| मतदाताको जम्मा अद्यावधिक विवरण | | ४५८६ |

निरन्तर मतदाता दर्ता कार्यक्रमबाट अद्यावधिक भएको मतदाता माथि उल्लिखित विवरणलाई वृत चित्रमा देहायबमोजिम प्रस्तुत गरिएको छ ।



### ४.२.४ मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम निर्देशिका परिमार्जन

मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम सञ्चालनलाई सहज, सरल र व्यवस्थित बनाउन मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम निर्देशिका २०६८ लाई परिमार्जन गरी मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम निर्देशिका २०७५ तयार गरी स्वीकृतिको लागि आयोगमा पेश गरिएको थियो । उक्त निर्देशिका परिमार्जनका लागि निर्वाचन आयोगको निर्वाचन व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा गृह मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधि सदस्य रहने गरी मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन समिति गठन भएको थियो ।सो समितिले विभिन्न मितिमा बैठक बसी निर्देशिका तयार गरेको हो । जिल्ला निर्वाचन कार्यालयहरूबाट सोही निर्देशिका बमोजिम मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्य हुँदै आएको छ ।

### ४.२.५ मतदानकेन्द्र पुनरावलोकन मापदण्ड परिमार्जन

वि.सं. २०७४ सालमा तोकिएका मध्ये अधिकांश मतदानस्थलहरू मतदाताहरूको लागि पायक पर्ने तथा सुविधायुक्त स्थानमै भएता पनि केही जिल्लाबाट सो जिल्लाका केही मतदान स्थल र केन्द्रहरू अपायक परेको, नजिकमा मतदानस्थल हुँदाहुँदै केही मतदातालाई टाढाको मतदानस्थलमा जानु परेको, नजिकमा मतदानस्थल तोक्ने पूर्वाधार हुँदाहुँदै टाढा तोकिएको, खुला चौरमा मतदानस्थल रहेको, अर्को वडाको बाटो भएर मतदानस्थल जानुपरेको, एकै मतदानस्थलमा एकभन्दा बढी मतदानकेन्द्र तोक्दा कतिपय स्थलमा पर्याप्त स्थानको अभाव भएको जस्ता विभिन्न समस्या र गुनासाहरू लिखित रूपमा प्राप्त भएका र आयोगवाट निर्वाचन अनुगमन गर्न जाँदा समेत केही असुविधाहरू विद्यमान रहेका देखिएकाले निर्वाचन आयोगको निर्वाचन व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा गृह मन्त्रालय र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिनिधि रहने गरी मतदान केन्द्र पुनरावलोकन सम्बन्धी आधार र मापदण्ड परिमार्जन तथा सिफारिस समिति गठन भएको थियो । उक्त समितिले विभिन्न मितिमा छलफल गरी मतदानकेन्द्र पुनरावलोकन मापदण्ड २०७६ तयार गरेको छ ।

### ४.२.६ अध्ययन, अनुसन्धान र प्रतिवेदन

सम्मानित सर्वोच्च अदालतको वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका नेपाली गरिकहरूलाई मतदानको अधिकार प्रदान गर्नको लागि आवश्यक कानूनी तथा अन्य पुर्वाधारहरूको व्यवस्था हाल भै नसकेको अवस्थामा आवश्यक कानूनी तथा अन्य पूर्वाधारहरूको व्यवस्था नगरी तत्कालै वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका नागरिकहरूलाई मतदानको अधिकार प्रदान गर्न व्यवहारिक रूपमा सम्भव हुने नदेखिदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

प्रस्तुत रिट निवेदन खारेज हुने ठहरे तापनि माथिल्ला प्रकरणहरूमा विवेचना भए बमोजिम निर्वाचनमा मतदान गर्न पाउने अधिकार नागरिकको आधारभूत मानव अधिकार तथा संवैधानिक अधिकार समेत भएको तथा निर्वाचनमा सबै नागरिकको समान अवसर सहित वास्तविक भावना र इच्छा समेतलाई प्रतिनिधित्व गर्नको लागि वैदेशिक रोजगारीमा रहेका नागरिकहरूलाई मुलुक बाहिरबाटै सबै तहको निर्वाचनमा मतदान गर्ने अवसर प्रदान गर्नुपर्ने देखिएको तथा सो कार्यलाई व्यावहारिक रूपमा समेत कार्यान्वयन गर्न सकिनेनै देखिदा आवश्यक कानूनी र अन्य पूर्वाधारहरूको व्यवस्था गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अधिकार प्रदान गर्न" भन्ने निर्देशात्मक आदेश र राज्य व्यवस्था तथा सुशासन समितिको मिति २०७५/९/४ को "विदेशमा रहेका नेपाली मतदाताहरूलाई समेत मताधिकार प्रदान गर्न आवश्यक कानूनी व्यवस्थाका साथै निर्वाचन व्यवस्थापनका लागि गरिनु पर्ने तयारीका सम्बन्धमा अध्ययन गरी यथाशिघ्र समितिमा प्रतिवेदन उपलब्ध गराउन निर्वाचन आयोगलाई निर्देशन दिने" भन्ने व्यहोराको निर्देशन प्राप्त भएको छ ।

सम्मानीत सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्ने सन्दर्भमा आयोगले मिति २०७५/९/९ मा निर्वाचन आयुक्त सुधीर कुमार शाहको संयोजकत्वमा गठन भएको र मिति २०७६/१/९ मा निर्वाचन आयुक्त नरेन्द्र दाहालको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, निर्वाचन आयोगका सचिव रहनु भएको निर्देशक समिति पूनःगठन गरी विदेशमा रहेका नेपालीहरूलाई मतदानको व्यवस्था गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यादिश दिइएको थियो । निर्देशक समितिको मिति २०७५/९/१२ मा भएको निर्णयले समितिलाई अध्ययनमा सहयोग पुर्याउन निर्वाचन आयोगका सहसचिव निर्वाचन व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्यदल गठन गरी अध्ययन प्रतिवेदनको मस्यौदा तयार गरी पेश गर्ने जिम्मेवारी दिइएको थियो । कार्यदललाई प्राप्त जिम्मेवारी वमोजिम वाह्य मतदानका सम्बन्धमा विगतमा भएका अध्ययन, अन्य देशहरूले गरेका अभ्यास, मतदानका विधिहरू लगायत वाह्य मतदानका विविध पक्षहरूको अध्ययन गरी प्रतिवेदन तयार गरेको छ ।

### ४.२.७ मतदाता नामावली सम्बन्धी समस्या एवम् समाधानका उपायहरू

जिल्ला निर्वाचन कार्यालय ७७, जिल्ला प्रशासन कार्यालय ७७ र इलाका प्रशासन कार्यालय ३८ मा सम्पन्न निरन्तर मतदाता नामावली संकलन कार्यक्रमबाट २,३८,४११ जना महिला, २,७२,३९३ पुरूष र अन्य ६ गरी जम्मा ५,१०,८१० जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका छन् । विभिन्न ६३ जिल्लाका २२९ स्थानमा सञ्चालन गरिएको एकीकृत घुम्ती सेवा

कार्यक्रमबाट ३६,८९३ महिला र २९,२३४ पुरूष गरी जम्मा ६६,१२७ जनाले नामावलीमा नाम दर्ता गराएका छन् । जिल्ला निर्वाचन कार्यालयहरूमा नाम सार्ने १,६३३ जना, नाम हटाउने ६७९ जना र त्रुटी सच्याउने २,२७४ जना गरी जम्मा ४,५८६ जनाले मतदाता नामावलीमा नाम अद्यावधिक गरिएको छ । मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम निर्देशिका, २०७५ तयार भई स्वीकृतिको लागि आयोगमा पेश भएको छ । मतदान केन्द्र पुनरावलोकन मापदण्ड, २०७६ तयार भई आयोगमा पेश हुने क्रममा रहेको छ । विदेशमा रहेका नेपाली मतदाताहरूलाई मताधिकार प्रदान गर्ने सम्बन्धमा अध्ययन प्रतिवेदन तयार भई निर्देशक समितिमा पेश भएको छ ।

कर्मचारी समायोजनका कारण दक्ष र तालिम प्राप्त कर्मचारीहरूको सरूवा भएकोले कर्मचारीहरूको अभाव एवम् अन्यौलताले बिशेष मतदाता दर्ता कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । मतदाता नामावली दर्ता सफ्टवेयरमा देखिएको कमी कमजोरीका कारण डाटा हराउने, नष्ट हुने समस्या रहेको छ । दक्ष तथा तालिम प्राप्त जनशक्तिको सरूवा भएपछि आयोगमा सरूवा भएर आएका मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यमा खटिने जनशक्तिलाई पर्याप्त तालिम तथा ज्ञान, सीप र सुविधा प्रदान गर्न नसकिएकोले नामावली दर्तामा पूर्णरूपमा शुद्धता ल्याउन सकिएको छैन । मतदाता दर्ता अभियान देशव्यापी रूपमा सञ्चालन गर्दा धेरै समय, व्यक्ति, निकाय र शाखाहरूको समन्वयमा मात्र सम्भव हुने भएकोले यस कार्यमा उच्च प्राथमिकता र सबैको सहभागिता जुटाउनु पर्ने हुन्छ । मतदाता नामावलीमा दोहोरो नाम दर्ता लगायतका कारण मतदाताहरूले चाहेको र खोजेको ठाउँमा नाम नभेटिने हुँदा गुनासो आउने गरेको छ । नामावली दर्ता सम्बन्धमा मतदाता तथा सरोकारवालाहरू सचेत र जिम्मेवार नहुनुका साथै समयमै मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराउने कार्य मतदाताको प्राथमिकतामा पर्ने गरेको छैन । विशेष मतदाता नामावली संकलन कार्यक्रम गर्नका लागि नेपाल सरकार, अर्थ मन्त्रालयबाट पर्याप्त बजेट नभएको हुँदा प्रभावकारी रूपमा विशेष मतदाता नामावली कार्यक्रम सञ्चालन गर्न कठिनाइ हुने गरेको छ ।

विदेशमा रहेका नेपाली नागरिकहरूको मतदाता नामावलीमा नाम दर्ता गर्ने सम्बन्धी व्यवस्था गर्ने, मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यक्रममा संलग्न अनुभवी कर्मचारीको निरन्तरता कायम गर्ने, मतदाता हुन योग्य सबै नागरिकहरूको नाम समयमा नै मतदाता नामावलीमा दर्ता गराउने, मतदाता नामावली दर्ता कार्यक्रमलाई स्थानीय तहका वडास्तरसम्म विस्तार गरी नाम दर्ता गर्नु गराउने गराउने तथा मतदाता नामावली संकलन तथा अद्यावधिक एवम् निर्वाचन सञ्चालनमा आधुनिक प्रविधिको प्रयोगलाई बढाउँदै लैजाने कार्य चुनौतीपूर्ण रहेको छ ।

मतदाता नामावली ऐन, २०७३ बमोजिमका नियमावली, मापदण्ड, निर्देशिकाको तर्जुमा र समसामयिक परिमार्जन गर्नुपर्ने, मतदाता नामावली संकलन, दर्ता र अद्यावधिक गर्नका लागि दाबी बिरोध जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउन वार्षिक रूपमा क्यालेण्डर तयार गरी नियमित सञ्चालन गर्नुपर्ने, मतदाता नामावलीको निरन्तर नाम दर्ता गर्ने कार्यमा सबै सरोकारवालालाई जिम्मेवार बनाइ स्थानीयस्तरसम्म पहुँच विस्तार गर्नुपर्ने देखिन्छ । त्यसैगरी मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यक्रममा संलग्न जनशक्तिलाई प्रभावकारी तालिम दिई जिम्मेवार बनाउनु पर्ने, मतदाता नामावली दर्ता गर्ने सम्बन्धमा मतदाता र सरोकारवालालाई सचेत र जागरूक बनाउन स्थानीयस्तरसम्म सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, मतदाता नामावली दर्ता सम्बन्धमा राजनीतिक दल तथा सरोकारवालाहरूको समन्वय र सहयोगलाई प्रभावकारी बनाउनु पर्ने र आयोग, सचिवालय, कार्यालयबीच समन्वय, सहकार्यका लागि अन्तरक्रिया तथा छलफल कार्यक्रमलाई बढाउँदै लैजानु पर्ने देखिन्छ । जिल्ला निर्वाचन कार्यालय र केन्द्रको Data Center बीच Data Connectivity व्यवस्थित र अद्यावधिक गर्नुपर्ने, मतदाता नामावलीको शुद्धताका लागि सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरूलाई जिम्मेवार र जवाफदेही बनाउनु पर्ने, मतदाता दर्ताको निम्ति केन्द्र, जिल्ला र दर्तास्थलसम्म सम्बद्ध निकाय र सरोकारवालाहरू बीच प्रभावकारी समन्वय र सहकार्य हुनुपर्ने देखिन्छ । मतदाता नामावली दर्ताको लागि आवश्यक दक्ष र प्रयाप्त जनशक्ति, बजेट तथा भौतिक सामग्री उपलब्ध हुनुपर्ने तथा सीमान्तकृत समुदायको बसोबास रहेको र मतदाता नामावलीमा नाम दर्ता कम भएका गाउँ टोल पहिचान गरी त्यस्ता स्थानमा दर्ता टोली पठाइ नाम दर्ता गर्ने व्यवस्था मिलाइ मतदाता नामावली सकलन कार्यमा सुधार गर्नुपर्ने देखिएको छ ।

# परिच्छेद ५

# निर्वाचन शिक्षा तथा तालिम

कुनै पनि संगठनको उद्देश्य प्राप्तिका लागि दक्ष जनशक्तिको ठुलो महत्व रहेको हुन्छ । निर्वाचन व्यवस्थापनलाई सहज र सरल बनाउन आयोग र अन्तर्गत कार्यालयका कर्मचारी तथा निर्वाचनको अवधिमा खटिने जनशक्तिलाई दक्ष, सीपयुक्त र क्षमतावान बनाउन निर्वाचन सम्बन्धी तालिमको आवश्यकता पर्दछ । त्यसैगरी निर्वाचनका सरोकारवालाहरूको क्षमता अभिवृद्धीका लागि आयोगले विषयगत तथा ब्रीज मोडयुल अन्तर्गतका विभिन्न तालीमहरू सञ्चालन गर्दै आएको छ । मतदातालाई निर्वाचनको प्रक्रियाका सम्बन्धमा सू-सुसूचित गराई जागरूक तुल्याउन निर्वाचन तथा मतदाता शिक्षालाई निरन्तर अगाडि बढाउँदै आएको छ । आयोगमा निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना र सञ्चालनका साथै गण्डकी र सुदुरपश्चिम प्रदेशमा समेत निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना र सञ्चालन गर्दै आएको छ । निर्वाचन शिक्षा तथा तालिम सम्बन्धमा आर्थिक वर्ष २०७५/०७६ मा सम्पादन गरिएका मूख्य कार्यहरू देहायबमोजिम रहेकाछन् ।

## ५.१ निर्वाचन शिक्षा

### ५.१.१ निर्वाचन शिक्षा तथा सूचना केन्द्र

निर्वाचन शिक्षालाई निरन्तर रूपमा सञ्चालन गरी निर्वाचन प्रणाली, विधि र प्रक्रियाप्रति मतदाताको सचेतना अभिवृद्धि गर्न निर्वाचनमा मतदाताको सहभागिता बढाउने, बदर मत घटाउने तथा सुसूचित एवम् प्रशिक्षित मतदाता तयार पार्ने उद्देश्यले वि.सं. २०६९ सालमा स्थापना भई सञ्चालनमा आएको आयोग परिसरमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा प्रतिवेदन अवधिसम्म विभिन्न समुहमा अध्ययन भ्रमण गरी निर्वाचन शिक्षा लिनेको सङ्ख्या ३०,४४० पुगेको छ । यस आर्थिक वर्षमा मात्र ३ हजार ७ सय ८६ जनाले केन्द्रको अध्ययन भ्रमण गरेका छन् ।

केन्द्रको स्थापना पश्चात हालसम्मका भ्रमणकर्ताको विवरण हेर्दा विद्यालयका कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरूको उत्साहजनक एवम् उल्लेखनीय सहभागिता रहेको छ । जसमा निजी विद्यालयका विद्यार्थीहरूले बढी मात्रामा अवलोकन गर्ने गरेका छन् भने सामुदायिक विद्यालयको उपस्थिति तुलनात्मक रूपमा न्यून रहेको छ । लैङ्गिक रूपमा हेर्दा महिला र पुरूष मध्ये पुरूषको सङ्ख्या केही बढी देखिन्छ । यस केन्द्रमा अध्ययन भ्रमण गर्ने अन्य सरोकारवालाहरूको उपस्थिति न्यून रहेको छ ।

### ५.१.२ प्रदेशस्तरका निर्वाचन शिक्षा तथा सूचना केन्द्र

निर्वाचन शिक्षालाई विस्तार गर्नुका साथै निरन्तर रूपमा सञ्चालन गर्ने उद्देश्यले आफ्नै भवन रहेका जिल्ला निर्वाचन कार्यालय, कास्की र कैलालीमा स्थापना भएका प्रदेशस्तरका निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट नियमित रूपमा निर्वाचन शिक्षा प्रदान गर्ने कार्य भइरहेको छ । उक्त केन्द्रहरूबाट सामुदायिक तथा निजी विद्यालयका विद्यार्थी, राजनीतिक दलका कार्यकर्ता लगायतका सरोकारवाला लक्षित गरी निरन्तर रूपमा निर्वाचन शिक्षा सञ्चालन भइरहेको छ ।यस अवधिमा जिल्ला निर्वाचन कार्यालय, कास्कीमा सञ्चालित केन्द्रमा १३ समुहका जम्मा ६९२ जनाले र जिल्ला निर्वाचन कार्यालय, कैलालीमा सञ्चालित केन्द्रमा ११ समुहका जम्मा ७०५ जनाले अध्ययन भ्रमण गरेका छन् ।

### ५.१.३ घुम्ती निर्वाचन शिक्षा कार्यक्रम

निर्वाचन शिक्षालाई विस्तार गर्ने उद्देश्यले पिछडिएका समुदायका बालबालिका अध्ययन गर्ने विद्यालय मध्ये यस आर्थिक वर्षमा सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाउँपालिकाको श्री भुवनेश्वरी माध्यामिक विद्यालयमा मिति २०७६/३/२ गते र मेलम्ची नगरपालिकाको श्री जलपादेवी माध्यामिक विद्यालयमा मिति २०७६/३/३ गते घुम्ती निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । सो कार्यक्रमबाट दुई वटा विद्यालयका गरी जम्मा २२० जना विद्यार्थी तथा शिक्षकहरूले निर्वाचन शिक्षा प्राप्त गरेका थिए ।

### ५.१.४ सामाजिक अध्ययन विषय शिक्षकका लागि प्रशिक्षण कार्यक्रम

सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम काठमाण्डौमा मात्र सीमित रहेकोमा यसको प्रभावकारितालाई मध्यनजर गरी आर्थिक वर्ष २०७५/०७६ देखि उपत्यका बाहिर पनि सञ्चालन गर्ने प्रारम्भ गरिएको छ ।यस सिलसिलामा मिति २०७६ असार २४ देखि असार २७ गतेसम्म दुई चरणमा धादिङ र नुवाकोट जिल्लाका माध्यमिक विद्यालयका सामाजिक अध्ययन विषय शिक्षकहरूका लागि दुई दिने कार्यक्रमको आयोजना गरिएको थियो । उक्त प्रशिक्षण कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिनिधि, बागमती प्रदेशका सामाजिक विकास मन्त्रालयका प्रतिनिधि, जिल्लाका शिक्षा समन्वय एकाइ प्रमुखहरू, सामाजिक अध्ययन विषयका शिक्षकहरू सहित नुवाकोटमा ७१ जना र धादिङमा ९७ जना गरी जम्मा १६८ जनाको सहभागिता रहेको थियो । आयोगको आयोजनामा सञ्चालित उक्त प्रशिक्षण कार्यक्रम आइएफइएस, नेपालको सहयोगमा सम्पन्न भएको थियो ।

## ५.२ निर्वाचन तालिम

### ५.२.१ **Building Resources in Democracy Governance and Elections (BRIDGE) Showcase Workshop**

निर्वाचन आयोगले सन् २००८ देखि सञ्चालन गर्दै आएको अन्तर्राष्ट्रिय स्तरको ब्रीज मोड्युल तालिमको बारेमा आयोगका माननीय आयुक्तहरू, पदाधिकारी तथा नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरूलाई जानकारी गराउने उद्देश्यले मिति २०७५/५/४ गते BRIDGE Showcase कार्यशाला सम्पन्न भएको थियो । तत्कालीन माननीय प्रमुख निर्वाचन आयुक्तको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा निर्वाचन आयुक्तहरू, आयोगका सचिव, सहसचिवहरू तथा नेपाल सरकारका विभिन्न मन्त्रालयका सहसचिव तथा उपसचिवहरू, ब्रीज सहजकर्ताहरू तथा अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो । सो कार्यक्रममा ब्रीज का सहजकर्ताहरूले सहजीकरण गर्नु भएको थियो । उक्त कार्यशाला युएनडिपी इएसपी को सहयोगमा सम्पन्न भएको थियो ।

### ५.२.२ निर्वाचन व्यवस्थापन सम्बन्धी रणनीतिक योजना कार्यशाला

मिति २०७५ भदौ २४ देखि २६ गते सम्म निर्वाचन आयोगमा Strategic Planning for Electoral Management विषयक ब्रीज कार्यशाला सम्पन्न भएको थियो ।निर्वाचन व्यवस्थापनका सम्बन्धमा रणनीतिक योजना निर्माण सम्बन्धी विषय बस्तु समेटी सञ्चालन गरिएको उक्त प्रशिक्षणमा निर्वाचन आयोग र अन्तर्गतका उपसचिव तथा अधिकृत स्तरका ५ जना महिला सहित २५ जना कर्मचारीहरूको सहभागिता रहेको थियो । आयोगको आयोजना विकास साझेदार संस्था युएनडिपी इएसपी र इन्टरनेश्नल आइडिइएको प्राविधिक सहयोगमा सो कार्यशाला सम्पन्न गरिएको थियो ।

### ५.२.३ **BRIDGE, Train the Facilitator (TtF) Programme**

आयोगको आयोजनामा मिति २०७५ कार्तिक ३० गतेदेखि मङ्सिर १० गते सम्म BRIDGE, Train the Facilitator (TtF) कार्यक्रम सम्पन्न भएको थियो । निर्वाचन आयोग र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरू र आयोगको विकास साझेदार संस्थाहरू युएनडिपी इएसपी, आइएफइएस र इन्टरनेश्नल आइडिइएबाट समेत सहभागिता रहेको उक्त कार्यक्रममा ६ जना महिला र १४ जना पुरूष गरी जम्मा २० जनाको सहभागिता रहेको थियो । आयोगका कर्मचारीहरूको क्षमता अभिबृद्धिका लागि १० दिनसम्म सञ्चालन भएको उक्त प्रशिक्षण कार्यक्रममा राष्ट्रिय सहजकर्ताहरूको मात्र संलग्नतामा सञ्चालन गरिएको पहिलो कार्यक्रम थियो ।

प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तरिका, सहजीकरणको लागि आवश्यक पर्ने कला र सीप, आकर्षक प्रस्तुतीकरणको ढाँचा लगायतका विषयमा सैद्धान्तिक अवधारणा दिइए पश्चात सहभागीहरूलाई नै प्रस्तुतीकरण तयार गरी समुहमा प्रस्तुति गर्न लगाइएको सो कार्यक्रममा

सहजकर्ताहरूबाट सहभागीका सुधार गर्नुपर्ने विषयमा पृष्ठपोषण प्रदान गरिएको थियो । उक्त कार्यक्रम युएनडिपी इएसपीको सहयोगमा सम्पन्न भएको थियो ।

### ५.२.४ निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक ब्रीज कार्यशाला

आयोगले निर्वाचन आयोग वा अन्तर्गत सरूवा वा पदस्थापन भई आउने नयाँ कर्मचारीहरूलाई आयोग र निर्वाचनका विविध पक्षहरूसँग परिचित गराउने उद्देश्यले विगतदेखि नै त्यस्ता कर्मचारीहरूका लागि निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक ब्रीज कार्यशाला सञ्चालन गर्दै आएको छ ।यस कार्यशालामा निर्वाचन सम्बन्धी सामान्य जानकारीका साथै निर्वाचन चक्र, निर्वाचन प्रणाली, निर्वाचन कानून, निर्वाचनका सरोकारवालाहरू, मतदाता नामावली, निर्वाचन तथा मतदाता शिक्षा, निर्वाचन योजना तथा सामग्री व्यवस्थापन जस्ता विषयहरू समेटिएका छन् । आर्थिक वर्ष २०७५/०७६ यस बिषय अन्तर्गत सञ्चालन गरिएका कार्यक्रमहरूको विवरण देहाय बमोजिम रहेको छ । उक्त कार्यशाला युएनडिपि ईएसपि र आइएफइएसको सहयोगमा सम्पन्न भएको थियो ।

| क.सं. | कार्यक्रम सञ्चालन मिति | स्थान | सहभागी सङ्ख्या | | जम्मा सहभागी सङ्ख्या |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| १. | २०७६ मङ्सिर २२ - २४ सम्म | काठमाण्डौ | ७ | १७ | २४ |
| २. | २०७६ मङ्सिर २५ - २८ सम्म | नेपालगञ्ज | १८ | ५ | २३ |

### ५.२.५ लैङ्गिक समानता र निर्वाचन विषयक ब्रीज कार्यशाला

आर्थिक वर्ष २०७५/०७६ मा निर्वाचनको प्रक्रिया तथा पद्दति समेतमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्र, वर्ग समेतको सहभागिताका लागि लैङ्गिक समानता र निर्वाचन विषयक ब्रीज तालिम विभिन्न मितिमा र स्थानमा सञ्चालन भएका थिए । राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू, महिला, जनजाति, दलित, अपाङ्गता भएका व्यक्तिहरू समेतको प्रतिनिधित्व हुने गरी सञ्चालन भएका उक्त कार्यक्रममा लिङ्ग, लैङ्गिकता र समावेशीकरण, निर्वाचनमा लैङ्गिकता र समावेशीकरण सम्बन्धी पक्षहरू, निर्वाचन आयोगको लैङ्गिक नीति, लैङ्गिकता तथा निर्वाचन चक्र, निर्वाचन प्रक्रियामा पहुँच, महिला तथा राजनीतिक वित्त, महिलाहरूबीचको विविधता, महिला तथा समावेशिता सम्बन्धी अन्तर्राष्ट्रिय कानूनी संरचना, निर्वाचन प्रणाली र समावेशी प्रतिनिधित्व, महिला प्रतिनिधित्वको लागि कोटा, निर्वाचन व्यवस्थापनमा लैंगिक सन्तुलन, निर्वाचन प्रक्रियामा सेवामुखी भावना लगायतका विषय समेटिएका थिए । लैङ्गिक

समानता र निर्वाचन विषयक युएनडिपी इएसपी, आइएफइएस को सहयोगमा गरिएका ब्रीज कार्यक्रमहरूको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | कार्यक्रम सञ्चालन मिति | स्थान | सहभागी सङ्ख्या | | जम्मा सहभागी सङ्ख्या |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| १. | २०७६ मङ्सिर २५ - २७ सम्म | काठमाण्डौ | १७ | ८ | २५ |
| २. | २०७६ माघ २४ -२५ सम्म | भक्तपुर | ११ | १५ | २६ |
| ३. | २०७६ फागुन १२ - १३ सम्म | धरान | ११ | १४ | २५ |
| ४. | २०७६ फागुन १२ - १३ सम्म | सङ्खुवासभा | १९ | ६ | २५ |
| ५. | २०७६ असार १३ - १५ सम्म | पाँचथर | १७ | ८ | २५ |
| ६. | २०७६ असार १३ - १५ सम्म | दाङ | १२ | १३ | २५ |

### ५.३ पुस्तकालय

लोकतन्त्र, निर्वाचन र सुशासन विषयका विभिन्न पाठ्यपुस्तकहरूको सङ्कलन रहेको आयोगको पुस्तकालयमा अध्ययन अनुसन्धानको क्रममा भ्रमण गर्ने पाठकहरूलाई नियमित रूपमा पुस्तकालय सेवा प्रदान गरिएको छ । साथै उल्लिखित विषयका केही पुस्तकहरू यस वर्ष थप गरिएको छ ।

### ५.४ अन्य कार्यहरू

निर्वाचन आयोगको संक्षिप्त परिचय जनाउने ११ मिनेट अवधिको एक डकुमेन्ट्री नेपाली र अङ्ग्रेजी दुवै भाषामा तयार गरिएको छ । आयोगको भ्रमण गर्ने स्वदेशी तथा विदेशी टोलीलाई डकुमेन्ट्री प्रदर्शन गर्ने गरिएको छ । साथै आयोगका प्रतिनिधिहरू विदेश भ्रमणमा जाँदा समेत सो डकुमेन्ट्री प्रदर्शन गर्ने गरिएको छ । आयोग र निर्वाचन व्यवस्थापनका विविध गतिविधिबारे आम मतदाता र निर्वाचनका सरोकारवालालाई जानकारी प्रदान गर्न सहयोग पुग्ने गरी आयोगको परिचयात्मक सामग्री ब्रोसर तयार गरिएको छ । सामाजिक अध्ययन विषय शिक्षकहरूका लागि निर्वाचन शिक्षा प्रशिक्षण सञ्चालन गर्न सहयोग पुग्ने गरी साविकको स्रोत पुस्तिकामा संशोधन र परिमार्जन गरी नयाँ रूपमा तयार गरिएको छ । निर्वाचनका विविध विषयहरू समेटी एकीकृत निर्वाचन स्रोत पुस्तक तयार गरिएको छ । निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा प्रदर्शनमा राखिने अन्तर्क्रियात्मक कक्षका प्रश्नहरू तथा डकुमेन्ट्रीमा समसामयिक परिमार्जन गरी तयार अद्यावधिक गरिएको छ ।

# परिच्छेद ६
# सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन

निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गरी निर्वाचनका गतिविधिहरूलाई व्यवस्थित गर्न आयोगले विभिन्न क्षेत्रमा प्रविधिको प्रयोग गर्दै आईरहेको छ । सूचना प्रविधि र प्रणाली व्यवस्थापन सम्बन्धमा सम्पादन गरिएका मुख्य कार्यहरू निम्नानुसार रहेका छन् ।

## ६.१ आयोगको नयाँ वेबसाइट सञ्चालन

आयोग र आयोगसँग सम्बन्धित जानकारी र सूचनाहरू सम्प्रेषण गर्नको लागि नविनतम प्रविधिको प्रयोग गरी नया वेबसाइट निर्माण गरी सञ्चालनमा ल्याइएको छ | आयोगको नयाँ वेबसाइट सञ्चालन गर्नको लागि पुरानो वेबसाइटमा रहेका डाटाहरूलाई उक्त नयाँ वेबसाइटमा स्थानान्तरण गरिएको छ |

## ६.२ निर्वाचन सम्बन्धी सफ्टवेयर निर्माण

निर्वाचन व्यवस्थापन प्रक्रियालाई स्वचालित रूपमा सञ्चालन गर्न तथा एकीकृत निर्वाचन व्यवस्थापन प्रणालीको निर्माण गर्नको लागि समिति गठन भएको थियो । उक्त समितिले प्रणालीमा आवश्यक एकीकृत पद्धतिको अध्ययन, आवश्यकता पहिचान, प्राविधिक स्पेशिफिकेसन र लागत अनुमान तयार गरी प्रतिबेदन पेश गरेको छ ।

## ६.३ कर्पोरेट एन्टी-भाइरस सेट-अप

निर्वाचन आयोगमा रहेका सर्भर, डेस्कटप कम्प्युटर र ल्यापटप कम्प्यूटरलाई लगायतका संक्रमणबाट सुरक्षित बनाउन कर्पोरेट एन्टी-भाइरस खरिद गरी सेट-अप गरिएको छ |

## ६.४ आयोगको नेटवर्किङ सुधार

आयोगमा सञ्चालनमा रहेको इन्टरनेट सेवामा समय समयमा देखापर्ने समस्याहरूलाई समाधान गरी अझै प्रभाबकारी रूपमा सञ्चालन गर्न, नेटवर्किङलाई थप व्यवस्थित बनाउन, स्वीच र केवललाई थप व्यवस्थापन गर्न सम्बन्धित विज्ञको परामर्श सेवा खरिद गरी आयोगमा सञ्चालनमा रहेको इन्टरनेट सेवा चुस्त दुरूस्त बनाई सञ्चालनमा ल्याइएको छ ।

### ६.५ Biometric Base Voter Registration System (BBVRS) & Integrated Election Information Management System (IEIMS) Training

आयोग अन्तर्गतका ७७ वटा जिल्ला निर्वाचन कार्यालयलाई एकीकृत गर्न विराटनगर, जनकपुर, पोखरा र नेपालगञ्ज गरी ४ स्थानमा BBVRS (Biometric Based Voter Registration System) र IEIMS (Integrated Election Information Management System) सफ्टवेयर सम्बन्धी तालिम सञ्चालन गरिएको छ।

### ६.६ प्राविधिक सहयोग

जिल्ला निर्वाचन कार्यालयहरूमा सञ्चालनमा रहेका कम्प्युटर तथा ल्यापटपहरूमा आइपरेका समस्याहरू आयोगबाट दैनिक रूपमा उचित समाधान गर्ने गरिएको छ यसका अतिरिक्त आयोगका कम्प्युटर, ल्यापटप तथा नेटवर्कमा देखापरेका समस्याहरू समाधान गर्ने गरिएको छ जसले गर्दा मतदाता नामावली दर्ता लगायत कार्यहरू गर्न निर्वाचन कार्यालयहरूलाई सहज हुनुका साथै आयोगका दैनिक कामहरू सहज र सरल रूपमा सञ्चालन समेत भएको छ ।

# परिच्छेद-७

# कानून तथा राजनीतिक दल व्यवस्थापन

आर्थिक वर्ष २०७५/०७६ मा कानून तथा राजनीतिक दल व्यवस्थापनतर्फ निर्वाचनसँग सम्बन्धित विभिन्न ऐनहरूको आवश्यकतानुसार संशोधन, राजनीतिक दलहरूको दर्ता व्यवस्थापन, निर्वाचन विवाद निरूपणका कार्यहरू, उम्मेदवारको निर्वाचन खर्च सम्बन्धी विवरण तथा राजनीतिक दलको वार्षिक आय व्यय विवरणको प्रतिवेदन समयमा पेश गर्ने गराउने सम्बन्धी कार्यहरू भएका छन् । यस अवधिमा यस क्षेत्रमा भएका मुख्य मुख्य कार्यहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छ ।

## ७.१ निर्वाचन कानून तर्जुमा सम्बन्धी कार्यहरू

प्रचलित निर्वाचन सम्बन्धी ऐनका केही विषयहरूमा समसामयिक संशोधन गर्नको लागि केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा समावेश गर्न प्रारम्भिक मसौदा तयार गरी संघीय संसदमा पेश गर्न नेपाल सरकार गृह मन्त्रालयमा पठाइएकोमा देहायका विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भई लागू भएका छन् ।

### प्रमाणीकरण भई लागू भएका ऐन

(क) केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ बमोजिम संशोधन भएका ऐन

| क्र.सं. | ऐन | प्रमाणीकरण र लागू भएको मिति |
|---|---|---|
| १. | निर्वाचन आयोग ऐन, २०७३ | २०७५/११/१९ |
| २. | निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ | २०७५/११/१९ |
| ३. | राजनीतिक दल सम्बन्धी ऐन, २०७३ | २०७५/११/१९ |
| ४. | राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ | २०७५/११/१९ |

(ख) नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ बमोजिम संशोधन भएका ऐन

| क्र.सं. | ऐन | प्रमाणीकरण र लागू भएको मिति |
|---|---|---|
| १ | स्थानीय तह निर्वाचन ऐन, २०७३ | २०७५/११/१९ |

यस अवधिमा निर्वाचन आयोग र निर्वाचन व्यवस्थापन सम्बन्धी १० वटा ऐन, आठ वटा नियमावली, ४ वटा आचार संहिता, ३३ वटा निर्देशिका, कार्यान्वयनमा रहेको छ । ऐन, नियमावली, आचार संहिता र निर्देशिकाको विवरण **अनुसूची-१** मा समावेस गरिएको छ ।

## ७.२ राजनीतिक दल सम्बन्धी कार्यहरू

नेपालको संविधानको धारा २६९ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम प्रतिवेदन वर्षमा देहायका राजनीतिक दलहरूको दर्ता तथा दल व्यवस्था सम्बन्धी कार्य सम्पादन गरिएको थियो । प्रतिवेदन वर्षमा निर्वाचन आयोगमा ५ वटा राजनीतिक दल दर्ता भएका छन् । दर्ता भएका राजनीतिक दलहरूको विवरण देहायबमोजिम रहेको छ ।

| क.स. | दर्ता नं. | राजनीतिक दलको नाम | दर्ता मिति |
|---|---|---|---|
| १. | १४६ | नेपाल लोकतान्त्रिक पार्टी | २०७५/४/३१ |
| २. | १४७ | राष्ट्रिय जनमुखी पार्टी लोकतान्त्रिक | २०७५/५/२४ |
| ३. | १४८ | राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त) | २०७५/१२/२४ |
| ४. | १४९ | राष्ट्रिय प्रजातन्त्र पार्टी (लोकतान्त्रिक) | २०७५/१२/२५ |
| ५. | १५० | जनमत पार्टी (जपा) | २०७६/०२/०६ |

नोट: आयोगको मिति २०७५।१२।२४ को निर्णयानुसार एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) र राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) एकीकरण भई राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त) भएको छ ।

त्यसैगरी प्रतिवेदन वर्षमा थप भएका समेत आयोगमा दर्ता भएका राजनीतिक दलहरूको संख्या १२४ रहेका छ । उक्त दलहरूको विवरण **अनुसूची-८** मा संलग्न गरिएको छ ।

## ७.३ आयोगबाट प्रस्तुत लिखित जवाफ

१. निवेदक प्रकाश नेपाली र विपक्षी यस आयोग समेत भएको रिट नं. ०७५–Wo-०११३ को उत्प्रेषण मुद्दाको लिखित जवाफ मिति २०७५/५/१३ मा महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको
२. निवेदक विवेकशील नेपाली दलका संयोजक उज्वल थापाले आयोगलाई विपक्षी बनाई दायर गरेको रिट नं. ०७५-WO-००९५० को निर्णय बदर गरी पाउँ भनी उत्प्रेषण मुद्दाको

लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको,

३. निवेदक उपेन्द्र अवालेले आयोगलाई विपक्षी बनाई दायर गरेको रिट नं. ०७३-FJ-०१०१ को मुद्दामा दोहोऱ्याई मतगणना गरी पाउँ भनी उत्प्रेषण परमादेश मुद्दाको लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको,

४. निवेदक हरि गोपाल प्रधानाङ्गले आयोगलाई विपक्षी बनाई दायर गरेको रिट नं. ०७५- FJ -०११० को मुद्दामा पुनः मतगणना गरी पाउँ भनी उत्प्रेषण परमादेशको लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको

५. निवेदक प्रकाश कार्कीले आयोगलाई विपक्षी बनाई दायर गरेको रिट नं. ०७३-wo-०४४७ को मुद्दामा पुनः मतगणना गरी पाउँ भनी उत्प्रेषण परमादेश रिट निवेदनको लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको,

६. निवेदक कविराज बस्नेतले आयोगलाई विपक्षी बनाई दायर गरेको रिट नं. ०७५- FJ -०११८ को उत्प्रेषण मुद्दामा पुनः मतगणना गरी पाउँ भनी परमादेशको लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको,

७. निवेदक राम प्रसाद अधिकारीले आयोगलाई विपक्षी बनाई दायर गरेको रिट नं. ०७५- FJ -०१०० को मुद्दामा पुनः मतगणना गरी पाउँ भनी उत्प्रेषण परमादेशको लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको,

८. निवेदक मिलनराज थापाले आयोगलाई विपक्षी बनाई दायर गरेको रिट नं. ०७५- FJ-०१०६ को मुद्दामा पुनः मतगणना गरी पाउँ भनी उत्प्रेषण परमादेशको लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको,

९. निवेदक ऋषिराम कट्टेलले आयोगलाई विपक्षी बनाई दायर गरेको रिट नं. ०७५-wo-०५१७ को मुद्दामा नेपाल कम्युनिष्ट पार्टीको नामसँग मेलखाने गरी नेपाल कम्युनिष्ट पार्टी (ने क पा) नाम राखी दर्ता गरेको सम्बन्धी निर्णय बदर गरी पाउँ भनी उत्प्रेषण परमादेशको लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको,

१०. निवेदक विवेकशील नेपाली दलका केन्द्रीय सदस्यको रूपमा आवद्ध रमेश पौडयाल समेतले आयोगलाई विपक्षी बनाई दायर गरेको रिट नं. ०७५-wo-०९८५ को परमादेश प्रतिषेधको लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको ।

### ७.४ फैसला कार्यान्वयन सम्बन्धी

सम्मानित सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय काठमाडौंको च. नं. १४२ मिति २०७५/८/२१ को पत्रानुसार विदेशमा रहेका नेपाली नागरिकहरूलाई मतदानको अधिकार प्रदान गर्न निर्देशनात्मक आदेश जारी भएबमोजिमको व्यवस्था प्रस्तावित निर्वाचन आयोग विधेयक र निर्वाचन संचालन तथा व्यवस्थापन सम्बन्धी विधेयकमा समावेश गरी संघीय संसदमा दर्ता गर्न गृह मन्त्रालयमा पठाउने प्रक्रियामा रहेको छ ।

### ७.५ अभिलेखीकरण तथा अद्यावधिक कार्य

१. आयोगको मिति २०७५/५/२९ को निर्णयानुसार राष्ट्रिय नागरिक पार्टी, खम्बुवान राष्ट्रिय मोर्चा, नेपाल र ग्रीन पार्टी नेपालको परिवर्तित विवरण अद्यावधिक तथा अभिलेखीकरण गरिएको,
२. मंगोल नेशनल अर्गनाइजेशन (एम. एन. ओ) राजनीतिक दलको राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ को उपदफा (२) बमोजिम आयोगको मिति २०७५/१२/२४ को निर्णयानुसार विवरण अद्यावधिक तथा अभिलेखीकण गरी सोको जानकारी सम्बन्धित दललाई दिईएको,
३. यस आयोगमा दर्ता भएका सबै राजनीतिक दलहरूको विवरण अभिलेख दल दर्ता किताबमा अभिलेखीकरण गरी कम्प्युटर प्रविष्ट गर्ने कार्य सम्पन्न भएको ।

### ७.६ अन्तरक्रिया कार्यक्रम

निर्वाचन विवाद निरूपण सम्बन्धी कार्यविधिको मस्यौदा उपर मिति २०७५/८/१६ र १७ गते इलाम जिल्लामा, मिति २०७५/८/१९ र २० गते सप्तरीमा र मिति २०७५/९/११ गते काठमाडौंमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा आयोग, जिल्ला निर्वाचन कार्यालय र आयोगमा दर्ता कायम रहेका राजनीतिक दल लगायत निर्वाचनसँग सम्बन्धित सरोकारवालाहरूबीच अन्तरक्रिया भएको थियो ।

### ७.७ प्रशिक्षण कार्यक्रम

१. सूचना प्रविधि व्यवस्थापन महाशाखाको सहकार्यमा निर्वाचन प्रचार प्रसार खर्च, निर्वाचन विवाद निरूपण, राजनीतिक दल दर्ता तथा वार्षिक खर्च, निर्वाचन जोखिम व्यवस्थापन तथा मतदाता दर्ता सफ्टवेयर संचालन सम्बन्धी मुख्य केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम आयोगमा मिति २०७६/१/१५ र १६ मा सञ्चालन भएको थियो।
२. सूचना प्रविधि व्यवस्थापन महाशाखाको सहकार्यमा निर्वाचन प्रचार प्रसार खर्च, निर्वाचन विवाद निरूपण, राजनीतिक दल दर्ता तथा वार्षिक खर्च, निर्वाचन जोखिम व्यवस्थापन तथा

मतदाता दर्ता सफ्टवेयर संचालन सम्बन्धी जिल्लास्तरीय प्रशिक्षण कार्यक्रम सम्बन्धित जिल्ला निर्वाचन कार्यालयका जिल्ला निर्वाचन अधिकारी र कम्प्युटर अपरेटरका लागि मिति २०७६/२/४ देखि ७ गतेसम्म विराटनगरमा, मिति २०७६/२/१३ गतेदेखि १६ गतेसम्म जनकपुरमा, मिति २०७६/३/१२ गतेदेखि १५ गतेसम्म पोखरामा र मिति २०७६/३/१८ गतेदेखि २१ गतेसम्म नेपालगंजमा संचालन भएको थियो ।

### ७.८ समानुपातिक निर्वाचनतर्फको बन्दसूचीबाट नाम हटाइएको

१. सम्वत् २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तर्फबाट बुझाइएको समानुपातिक निर्वाचन प्रर्णालीतर्फको बन्दसूचीको सि. नं. ३८ को खसआर्य क्लष्टरको पुरूषतर्फको क्र.सं. ७ मा रहनु भएका उम्मेदवार श्री घनेन्द्र बस्नेतको नाम बन्दसूचीबाट हटाई पाउँ भनी नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को केन्द्रीय सचिवालयको आयोगमा प्राप्त भएको पत्रको आधारमा आयोगको मिति २०७५/११/१० को निर्णयानुसार बन्दसूचीबाट घनेन्द्र बस्नेतको नाम हटाई सोको जानकारी सम्बन्धित दललाई दिइएको ।

२. सम्वत् २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तर्फबाट बुझाइएको समानुपातिक निर्वाचन प्रर्णालीतर्फको बन्दसूचीको १०६ को मुस्लिम क्लष्टरको पुरूषतर्फको क्र. सं. १०५ मा रहनु भएका उम्मेदवार श्री समिम मियाँ अन्सारीको नाम बन्दसूचीबाट हटाई पाउँ भनी नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को केन्द्रीय सचिवालयको आयोगमा प्राप्त भएको पत्रको आधारमा आयोगको मिति २०७५/११/१४ को निर्णयानुसार श्री समिम मियाँ अन्सारीको नाम बन्दसूचीबाट हटाई सोको जानकारी सम्बन्धित दललाई दिइएको ।

### ७.९ राजनीतिक दलको आय व्यय विवरण सम्बन्धी

प्रतिवेदन वर्षमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४१ बमोजिम कानून बमोजिम इजाजत प्राप्त लेखा परीक्षकबाट आर्थिक वर्ष २०७४/०७५ को आफ्नो आय र व्ययको लेखा परीक्षण गराई पैंसठ्ठी राजनीतिक दलले यस आयोगमा विवरण बुझाएका छन् । आयोगमा आय र व्ययको विवरण बुझाएका राजनीतिक दलहरूको विवरण **अनुसूची-९** मा समावेस गरिएको छ ।

### ७.१० विविध

नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ को उपदफा (१) बमोजिम यस आयोगमा दर्ता रहेको विवेकशील साझा पार्टी नामक राजनीतिक दलको चालीस प्रतिशत केन्द्रीय सदस्य भई सोही ऐनको दफा ३३ को उपदफा (२) बमोजिम

छुट्टै नयाँ दल (प्रस्तावित विवेकशील नेपाली दल) दर्ता गरी पाउँ भनी मिति २०७५/९/२७ मा यस आयोगमा दिएको निवेदन उपर जाँचबुझ गर्दा विवेकशील साझा पार्टी नामक दल एकीकरण हुँदाका वखत आयोगमा राजनीतिक दल दर्ता कितावमा अभिलेखीकरण भएका केन्द्रीय समितिका पदाधिकारीको चालिस प्रतिशत सदस्यहरूको संख्या पुगेको नदेखिएको हुँदा राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम ५ को उपनियम (७) बमोजिम छुट्टै दल दर्ता गर्न नमिल्ने देखिएकोले सोको जानकारी सम्बन्धित निवेदकलाई गराउने भन्ने आयोगबाट मिति २०७५/११/२८ मा निर्णय भएको थियो ।

# परिच्छेद ८
# वित्तीय स्रोत परिचालन

गुणस्तरीय सेवा प्रवाह र संस्थागत सुधारको लागि वित्तीय स्रोत परिचालन महत्वपूर्ण हुन्छ । आर्थिक बर्ष २०७५/०७६ मा आयोग र अन्तर्गतका जिल्ला निर्वाचन कार्यालयहरूको नियमित कार्य सञ्चालन एवम् विभिन्न कार्यक्रमको लागि विभिन्न शीर्षकहरूमा बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो । स्वीकृत बजेट तथा कार्यक्रम अनुसार यस आर्थिक वर्षमा समग्र बजेट खर्च प्रगति ७८.८५ प्रतिशत रहेको देखिन्छ । विगत लामो समय देखि विकास साझेदार संस्थाहरूबाट आयोगलाइ बस्तुगत तथा प्राविधिक सहायताहरू प्राप्त गर्दै अएकोमा यस आर्थिक वर्षमा पनि युनडिपि इएसपी, आइएफइएस नेपाल, इन्टरनेशनल आइडियाबाट क्षमता अभिवृध्दि र प्राविधिक सहायताहरू प्राप्त भएका छन् । विकास साझेदार संस्थाबाट हुने खर्चको श्रेस्ता सम्बन्धित संस्थामा नै रहने हुँदा सो को वित्तीय विवरण आयोगको वित्तीय स्रोत परिचालन गरिएको छैन ।

## ८.१ बजेट विनियोजन र खर्च

आर्थिक बर्ष २०७५/०७६ मा आयोग र अन्तर्गतका जिल्ला निर्वाचन कार्यालयहरूको नियमित कार्य सञ्चालन एवम् विभिन्न कार्यक्रमको लागि स्वीकृत भएको ब.उ.शि.नं. अनुसारको बजेट कार्यक्रम खर्च र खर्च प्रगति देहाय बमोजिम रहेको छ ।

रकम रू हजारमा

| क्र.स. | ब.उ.शि.नं. | कार्यक्रम | अन्तिम बार्षिक बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २१२००१३ | निर्वाचन आयोग (चालु) | ६५०० | ५९९७ | ९२.२६ |
| २ | २१२०१५३ | निर्वाचन आयोग (चालु/प्रशासनिक खर्च) | ७७१९३ | ६३६७२ | ८२.४८ |
| ३ | २१२०११३ | मतदाता नामावली अद्यावधिक संकलन म.प.प.समेत(चालु) | ३४७०० | २६८०४ | ७७.२४ |
| ४ | २१२०१३३ | जिल्ला निर्वाचन कार्याल (चालु/प्रशासनिक खर्च) | २७१९२० | २१३८५३ | ७८.६५ |
| ६ | २१२०१५४ | निर्वाचन आयोग (पूँजीगत) | ९१०० | १६४० | १८.०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | २१२०१३४ | जिल्ला निर्वाचन कार्याल (पूँजीगत) | २९१०० | १८९६२ | ६५.१६ |
| ८ | अर्थ बजेट | | ३२९७८ | ३२९७८ | १०० |
| **जम्मा** | | | ४६१४९१ | ३६३९०६ | ७८.८५ |

## ८.२ बजेट, कार्यक्रम तथा कार्यान्वयनको अवस्था

आयोगलाई आर्थिक वर्ष २०७५/०७६ का लागि व.उ.शि.नं. २१२०१५, निर्वाचन आयोग (प्रशासनिक खर्च समेत) मा रू. १ करोड ६६ लाख ७६ हजार विनियोजन भएको, जसमा पूँजिगत कार्यक्रम तर्फका ८ वटा क्रियाकलापका लागि रू. ९१ लाख र चालु कार्यक्रम अन्तर्गत २२ वटा क्रियाकलापका लागि रू. ७५ लाख ७६ हजार विनियोजन भएको थियो । यी कार्यक्रमहरूको भौतिक प्रगति ६२.९० प्रतिशत र वित्तीय प्रगति २७.६० प्रतिशत भएको थियो ।

आयोग अन्तर्गत ७७ जिल्ला निर्वाचन कार्यालयलाई आर्थिक वर्ष २०७५/०७६ का लागि व.उ.शि.नं. २१२०१३ मा रू. २८ करोड ७२ लाख विनियोजन भएको, जसमा २ वटा कार्यक्रम पूँजिगत तर्फ र चालु तर्फ १ वटा कार्यक्रम रहेका थिए । यी कार्यक्रमको भौतिक प्रगति ८६.९१ प्रतिशत र वित्तीय प्रगति ८० प्रतिशत भएको थियो ।

आयोग अन्तर्गतको मतदाता नामावली अद्यावधिक संकलन, मतदाता परिचयपत्र समेत कार्यक्रमका लागि रू. ३ करोड ४७ लाख विनियोजन भएको, चालु कार्यक्रम तर्फ २२ वटा क्रियाकलाप समावेश भएका, उक्त कार्यक्रमको भौतिक प्रगति ८६.९१ प्रतिशत र वित्तीय प्रगति ८० प्रतिशत भएको थियो ।

यसमा आयोगबाट सम्पादन हुने कार्यक्रमको वित्तीय प्रगति न्युन हुनुमा निर्वाचान आयोगबाट सम्पादन हुने विभिन्न कार्यहरूलाई एकिकृत प्रणालीबाट सम्पादन गर्न डाटा सेन्टर स्थापना गर्ने (सफ्टवेयर निर्माण तथा परामर्श) शिर्षकमा रहेको रू. २३६ लाख मध्ये रू. २२५ लाख अर्थ मन्त्रालय फिर्ता पठाइएको साथै मतदाता नामावली संकलन (विशेष कार्यक्रम) शिर्षकमा रहेको रू. ७५०.७५ लाख मध्ये रू. ७४५ लाख अर्थ मन्त्रालयमा फिर्ता पठाइएको थियो ।

एकिकृत प्रणालीबाट सम्पादन गर्न डाटा सेन्टर स्थापना गर्ने (सफ्टवेयर निर्माण तथा परामर्स) कार्यक्रममा बजेटको कमी तथा समयाभावको कारण प्रमुख रहेको थियो भने मतदाता नामावली संकलन (विशेष कार्यक्रम) कार्यक्रमको कार्यान्वयन स्थानीय तहका वडास्तर सम्म गर्नुपर्ने भएको

र सोको लागि बजेट न्यून हुने देखिएको हुँदा खर्च प्रभावकारीताका दृष्टिले उक्त कार्यक्रम कार्यान्वयन गर्न सकिएन ।

## ८.३ राजस्व र धरौटी

प्रतिवेदन बर्षको निर्वाचन आयोग र जिल्ला निर्वाचन कार्यालयको राजस्व र धरौटी देहाय अनुसार रहेको छ ।

**आर्थिक वर्ष २०७५/०७६ धरौटी विवरण** (रु. हजारमा)

| धरौटी | गत आर्थिक वर्षको आम्दानी | चालु आर्थिक वर्षको आम्दानी | जम्मा आम्दानी | सदर स्याहा | फिर्ता | बाँकी |
|---|---|---|---|---|---|---|
| निर्वाचन आयोग | ११३५३८ | ७३ | ११३६११ | ० | ६१५१२ | ५२०९८ |
| जिल्ला निर्वाचन कार्यालय | ३७७८४ | १८८२ | ३९६६६ | ८८६८ | ३६७६ | २७१२१ |
| जम्मा | १५१३२१ | १९५५ | १५३२७६ | ८८६८ | ६५१८९ | ७९२१९ |

**आर्थिक वर्ष २०७५/०७६ राजस्व आम्दानी विवरण**

| क्र.स. | राजस्व शीर्षक | आयोग/जि.नि.का. | जम्मा |
|---|---|---|---|
| १ | सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम १४२१२ | १९३००.०० | १९३००.०० |
| २ | अन्य बिक्रीबाट प्राप्त रकम १४२१३ | १०४४६८.०० | १०४४६८.०० |
| ३ | प्रशासनिक जरिवाना १४३१२ | १०१०१०००.०० | १०१०१०००.०० |
| ४ | अन्य प्रशासनिक सेवा शुल्क १४२२९ | ४५०००.०० | ४५०००.०० |
| ५ | बेरूजु १५१११ | ४७०६९७२.१२ | ४७०६९७२.१२ |
| जम्मा | | १५९७६७४०.१२ | १५९७६७४०.१२ |

## ८.४ बेरूजु र फछ्यौंटको विवरण

महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदन २०७४ र सो भन्दा अघिल्ला आर्थिक वर्षको आयोग र अन्तरर्गतका कार्यालय (जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका कार्यलय) को फछ्यौट हुन बाँकी बेरूजु रकम रू ३४ करोड १२ लाख २५ हजार रहेको छ । महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदन २०७५ अनुसार थप १६ करोड ८३ लाख ६५ हजार गरी आर्थिक वर्ष २०७५/०७६ मा फछ्यौट गर्नु पर्ने वेरूजुको दायित्व ५० करोड ९५ लाख ९० हजार रहेकोमा यस अवधिमा २२ करोड ९२ लाख ४६ हजार वेरूजु फछ्यौट ४४.९९ प्रतिशत रहेको छ । वेरूजु र फछ्यौटको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | विवरण | रू हजारमा |
|---|---|---|
| १ | म.ले.प.को ५४ औं प्रतिवेदन, २०७३ सम्मको फछ्र्यौट हुन बाँकि बेरूजु रकम | ३४१२२५ |
| २ | आर्थिक बर्ष २०७४/०७५ को लेखापरीक्षणबाट कायम भएको बेरूजु रकम | १६८३६५ |
| ३ | म.ले.प.को ५५ औं प्रतिवेदन, २०७४ प्रतिवेदन सम्मको कुल बेरूजु रकम | ५०९५९० |
| ४ | आर्थिक बर्ष २०७५/०७६ मा फछ्र्यौट भएको बेरूजु रकम<br>क. नियमित भई फछ्र्यौट भएको - रू.११६५३५<br>ख. असुल उपर भई फछ्र्यौट भएको - रू.९३७००<br>ग. पेश्की फछ्र्यौट भएको - रू. १९०११ | २२९२४६ |
| ५ | फछ्र्यौट हुन बाँकि बेरूजु रकम | २८०३४४ |

फछ्र्यौट हुन बाँकि बेरूजु रकम बेरूजुको प्रकृती अनुसार नियमित गर्ने, असुल उपर गर्ने तथा पेश्की फछ्र्यौट गर्ने जस्ता कार्य गरी बेरूजुको परिमाण न्यून गर्नेतर्फ प्राथमिकताकासाथ कार्य भइरहेको छ ।

# परिच्छेद ९
# विविध

## ९.१ वार्षिक प्रतिवेदन पेश

आयोगले आर्थिक वर्ष २०७४/०७५ मा सम्पादन गरेका कामको विवरण समावेश भएको वार्षिक प्रतिवेदन नेपालको संविधानको धारा २९४ बमोजिम मिति २०७५/११/२३ गते सम्माननीय राष्ट्रपति समक्ष पेश गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवले आर्थिक वर्ष २०७४/०७५ मा आयोगबाट सम्पादित कार्यहरूको बारेमा संक्षिप्त जानकारी गराउनु भएको थियो । सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूले आयोगको वार्षिक प्रतिवेदन ग्रहण गर्दै निर्वाचन लोकतन्त्रको महत्वपूर्ण आधार भएकोले आयोगबाट हुने सबै निर्वाचन स्वच्छ र स्वतन्त्र रूपमा सम्पन्न गर्न सुझाव दिनुभयो । उक्त अवसरमा माननीय निर्वाचन आयुक्तहरू इला शर्मा, नरेन्द्र दाहाल, इश्वरी प्रसाद पौड्याल, सुधीर शाह र आयोगका सचिव मधुप्रसाद रेग्मी लगायत सचिवालयका उच्च अधिकारीहरूको उपस्थिति रहेको थियो ।

## ९.२ तेस्रो निर्वाचन दिवस, २०७५

निर्वाचन आयोगले २०७५ फागुन ५, ६ र ७ गते 'आवधिक निर्वाचन लोकतन्त्रको आधार स्तम्भ' भन्ने मूल नाराका साथ तेश्रो निर्वाचन दिवस विविध कार्यक्रमको आयोजना गरी मनाएको छ । तेश्रो निर्वाचन दिवस, २०७५ मा देहाय बमोजिमका कार्यक्रम सम्पन्न गरिएको थियो ।

### १. वि.सं. २०७५ फाल्गुण ५ गते

तेस्रो निर्वाचन दिवसको पहिलो दिन फागुन ५ गते बिहान १०:०० बजे आयोग पदाधिकारी, कर्मचारी एवम् सुरक्षाकर्मीको सहभागितामा आयोग परिसरको सरसफाई तथा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको थियो ।

### २. वि.सं. २०७५ फाल्गुण ६ गते

निर्वाचन दिवसको दोश्रो दिन फागुन ६ गते बिहान ७:३० बजे प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा आयोगका पदाधिकारी तथा कर्मचारीहरू, उपत्यका भित्रका जिल्ला निर्वाचन कार्यालयमा कार्यरत कर्मचारी, सञ्चारकर्मी र आयोगका विकास साझेदार संस्थाका प्रतिनिधि, सुरक्षाकर्मी लगायतको उपस्थिति रहेको थियो । प्रभातफेरी कार्यक्रम पश्चात आयोजित भेलालाई प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले सम्बोधन गर्नु भएको थियो । सोही

दिन नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा आयोग परिसरमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रमको समन्वय आधिकारिक ट्रेड युनियन, विभागिय समिति निर्वाचन आयोगले गरेको थियो ।कार्यक्रममा आयोगका कर्मचारी सुरक्षाकर्मी गरी ६९ जनाले रक्तदान गरेका थिए।

साथै उक्त दिन "निर्वाचन व्यवस्थापन र निर्वाचनमा गर्नुपर्ने सुधार" विषयमा परिसंवाद कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रममा निर्वाचन आयुक्त इला शर्मा, माननीय सांसद रामकुमारी झाँक्री र नियोकका महासचिव डा. गोपाल कृष्ण शिवाकोटीको सहभागिता रहेको थियो । कार्यक्रममा निर्वाचन आयोगलाई आवाधिक निर्वाचनको मिति घोषणा गर्ने अधिकार हुनपर्ने, आयोगलाई अझबढी स्वायत्त र अधिकार सम्पन्न बनाउनु पर्ने, निर्वाचनलाई समय सापेक्ष सुधार गर्नुपर्ने र निर्वाचनलाई मतदाता मैत्री बनाउनु पर्ने धारणा ब्यक्त गरिएको थियो । उक्त परिसंवाद कार्यक्रम रेडियो नेपालबाट प्रसारण गरिएको थियो । फागुन ६ गते नै आयोगको मिडिया सेन्टरमा कृति वाचन कार्यक्रम सञ्चालन गरिनुको साथै आयोग वा अन्तर्गत कार्यालयमा लामो समयसम्म कार्यरत रही अवकास प्राप्त गरेका कर्मचारीहरूलाई सामुहिक विदाई गर्ने कार्यक्रम समेत सम्पन्न गरिएको थियो ।

## ३. वि.सं. २०७५ फाल्गुण ७ गते

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको प्रमुख आतिथ्यतामा फागुन ७ गते तेस्रो निर्वाचन दिवस मूल समारोहको कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा सम्माननीय उपराष्ट्रपति नन्द बहादुर पुन, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना, सम्माननीय प्रधानन्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा., नेपाल सरकारका माननीय मन्त्रीहरू, संवैधानिक निकायका प्रमुख एवम् पदाधिकारीहरू, नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीहरू, सुरक्षा निकायका प्रमुखहरू, विदेशी कुटनीतिक नियोगका प्रमुख तथा पदाधिकारीहरू, निर्वाचन आयोगका विकास साझेदार संस्थाका प्रमुख एवम् प्रतिनिधिहरू लगायतको उपस्थिति रहेको थियो।

